karobardaily.com

Tbi PUBLICATIONS

# कारोबार

वर्ष ११ | अंक २३७ | राष्ट्रिय संस्करण | नेपाल संवत् ११४०
बुधबार, ३१ भदौ २०७७ | WEDNESDAY, 16 SEPTEMBER 2020

नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक
पृष्ठ ८ | मूल्य १० रूपैयाँ






**डा. केसी अनसनस्थलमै बिरामी जाँच्दै**
राजनीति/समाज २

**त्रिभुवन विमानस्थलमा चार आयोजना सम्पन्न**
बैंक/अर्थतन्त्र ३



**प्राकृतिक विपत्तिको पूर्वतयारीमा राज्यले लगानी बढाउनुपर्छ**
डा. धर्मराज उप्रेती
८



## सेयर बजारमा मंगलबार

कमाउने




गुमाउने




धेरै सेयर कारोबार




## खतिवडा मन्त्रीसरहको विशेष आर्थिक सल्लाहकार



काठमाडौं, ३० भदौ (कास)ः सरकारले पूर्व अर्थमन्त्री डा. युवराज खतिवडालाई प्रधानमन्त्रीको विशेष आर्थिक सल्लाहकारमा नियुक्त गरेको छ। सरकारका प्रवक्ता प्रदीप ज्ञवालीले दिएको जानकारीअनुसार खतिवडाले मन्त्रीसरह सेवा सुविधा पाउनेछन् । यसअघि ६ महिना बिनासांसद अर्थमन्त्री रहेका खतिवडा त्यसअघि भने राष्ट्रियसभाको दुई वर्षे कार्यकाल अवधिभर मन्त्री रहेका थिए । पार्टीको आन्तरिक राजनीतिका कारण राष्ट्रिय सभामा पुनः मनोनित हुन नसकेपछि उनी १० दिनअघि मात्र अर्थमन्त्रीबाट राजिनामा गरी मन्त्रिपरिषद्बाट बाहिरिएका थिए । हाल अर्थमन्त्री पद प्रधानमन्त्री ओलीले नै सम्हालिरहेका छन् भने गत साता निजी क्षेत्रसँग प्रधानमन्त्रीको भेटघाटमा पनि खतिवडा सहभागी थिए। यता, सरकारले खतिवडाको स्थानमा नेकपाका उपाध्यक्ष वामदेव गौतम राष्ट्रिय सभामा पठाउने निर्णय गरेको छ।

## आर्थिक वृद्धि १.५ प्रतिशतमात्रः एडीबी

काठमाडौं, ३० भदौ (कास)ः एसियाली विकास बैंक (एडीबी)ले सन् २०२१ अर्थात चालू आर्थिक वर्ष (२०७७/७८)मा नेपालको आर्थिक वृद्धिदर १.५ प्रतिशतमा खुम्चने प्रक्षेपण गरेको छ । कोभिड- १९ को पारेको प्रभावसँगै चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर १.५ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको हो। एडीबीको फ्ल्यागसीप प्रकाशन एशियन डेभलपमेन्ट आउटलुक २०२० अपडेटअनुसार चालू आर्थिक वर्षमा ६.४ प्रतिशतको आर्थिक वृद्धिदर अनुमान गरेकोमा कोभिडपछिको अवस्थाले धेरै कम हुने देखाएको हो।

गत आर्थिक वर्षमा ५.३ प्रतिशत अनुमान गरेकोमा २.३ प्रतिशतमा खुम्चिएको थियो।

(बाँकी पृष्ठ २ मा)

कुलमान कार्यकालका उपलब्धि

# लोडसेडिङ अन्त्य, नाफामा प्राधिकरण

**भीम गौतम**

काठमाडौं, ३० भदौ

चार वर्षअघि २०७३ भदौ २९ मा नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक बनेका कुलमान घिसिङ चार वर्षे कार्यकाल पूरा गरेर मंगलबार बिदा भए। चार वर्षअघि तीन दिनको समयावधि राखेर गरिएको आन्तरिक प्रतिस्पर्धामा ८ जनामध्येबाट कार्यकारी निर्देशकमा छनोट भएपछि उनीविरुद्ध तत्कालीन तीन उपकार्यकारी निर्देशकले मुद्दा नै दायर गरेका थिए। तत्कालीन अवस्थामा ११ औं तहमा रहेका र राहुघाट जलविद्युत् आयोजनाका प्रमुख रहेका कुलमानको नियुक्तिपछिको प्राधिकरणको आन्तरिक वातावरण राम्रो थिएन तर चार वर्षमा उनले प्राधिकरणभित्र मात्र होइन, सर्वसाधारणमाझ पनि वाहवाही कमाएर उनी बिदा भए।

चार वर्षे कार्यकाल सकिएपछि पनि निरन्तरता पाउने अपेक्षा स्वयं उनीमा पनि थियो भने सर्वसाधारण त दबाबमै उत्रिएका थिए। भोलि सरकारले उनलाई पुनर्नियुक्ति गर्छ कि गर्दैन, त्यो त हेर्न बाँकीनै छ। तर, उनले चार वर्षे कार्यकालमा आफूलाई सफल सावित गरेर बिदा भए। सबैभन्दा ठूलो त झण्डै १३ वर्षदेखि नेपालमा चरम समस्याको रूपमा रहेको लोडसेडिङ अन्त्य गरे भने झण्डै ३४ अर्ब घाटामा पुगेको प्राधिकरणलाई नाफामा पुऱ्याए। नेपालमा २०६५ सालमा सबैभन्दा बढी दैनिक १८ घण्टा लोडसेडिङ थियो भने उनी कार्यकारी निर्देशक हुँदा ६ घण्टा दैनिक लोडसेडिङ थियो। उनकै कार्यकालमा सक्नुपर्ने ४५६ मेगावाटको माथिल्लो तामाकोशीको आयोजनाबाट विद्युत् उत्पादन, ढल्केबर-मुज्जफपुर अन्तरदेशीय प्रसारण लाइनको पूर्ण क्षमतामा सञ्चालन तथा संघीय संरचनामा विद्युत् प्राधिकरणको विस्तार भने पुरा हुन सकेनन्।

वर्षभरीमा सबैभन्दा बढी विद्युत् माग हुने तिहारको लक्ष्मीपूजाका दिन कुशल व्यवस्थापन एवं प्रभावकारी प्रणाली संचालनमार्फत परीक्षणको रूपमा मुलकभरी



### पूरा गर्न सकेनन्

- » माथिल्लो तामाकोसी निर्माण सम्पन्न
- » देशलाई विद्युत्मा आत्मनिर्भर
- » उपत्यकालाई तार र पोलरहित
- » स्मार्ट मिटर र ग्रीड स्वचालित प्रणाली
- » डिजिटल प्राधिकरण बनाउने
- » खिम्तीको पीपीए दर तोक्ने

### आगामी चुनौती

- » प्राप्त उपलब्धिलाई संस्थागत गर्नु
- » उत्पादित विद्युत्को बजार व्यवस्थापन
- » विद्युत् आपूर्तिको नियमितता र गुणस्तर वृद्धि
- » नयाँ विद्युत् ऐनअनुसार संस्थागत पुनर्संरचना
- » लगानीकर्ताभन्दा विकासकर्ता बन्नु

निरन्तर विद्युत् आपूर्ति गरेर २०७३ को लक्ष्मीपूजाको दिन लोडसेडिङ अन्त्य गरी मुलुकलाई उज्यालो नेपालतर्फ डोऱ्याएका उनले वैशाख २०७५ देखि औद्योगिक ग्राहकका लागि पनि लोडसेडिङ अन्त्य गरेका थिए। "मैले जिम्मेवारी सम्हाल्दा लोडसेडिङको अन्धकारले मुलुक अक्रान्त थियो। वर्षात्को समयमा समेत ६ देखि ८ घण्टाको लोडसेडिङ बेहोरिरहनु परेको र हिउँदमा दैनिक १४ घण्टासम्म लोडसेडिङ गर्नु पर्ने प्रक्षेपण थियो," उनले बिदाइ मन्तव्यमा भने, "मुलुकबाट लोडसेडिङलाई इतिहासमा बिलय गराइदिएका छौं, 'उज्यालो नेपाल अभियान' बाट जनताले नियमित विद्युत् आपूर्ति मात्रै पाएका छन्।"

प्राधिकरणको तथ्यांकअनुसार आव २०७२/७३ सम्ममा संचित घाटा .३४ अर्ब ६१ करोड पुगेको थियो भने सोही वर्ष ८ अर्ब ८९ करोड खुद नोक्सानी थियो। पहिलो आर्थिक वर्षमानै प्राधिकरण १ अर्ब ४७ करोड खुद नाफा कमाउन सफल भएको स्मरण गर्दै उनले बिदाई कार्यक्रममा भने, "दोस्रो वर्ष २ अर्ब ८५ करोड, तेश्रो वर्ष ९ अर्ब ८१ करोड २५ लाख रुपैयाँ खुद नाफा कमायौं, चौथो वर्षमा नाफा बढेर ११ अर्ब ५ करोड रुपैयाँ पुगेको छ। कुनै वेला कर्मचारीलाई तलब खुवाउन पनि सरकारको मुख ताक्नुपर्ने अवस्थामा पुगेको प्राधिकरण सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरूमध्ये दुई वर्षदेखि सबैभन्दा बढी खुद नाफा कमाउने संस्था बनेर गौरवपूर्ण इतिहास बनाउन सफल भएका छौं।" ऋणात्मक रहेको संचित कोष धनात्मकतर्फ अघि बढिरहेको छ। चार वर्षअघि ३४ अर्ब ६१ करोड रुपैयाँ संचित नोक्सानी रहेकोमा आव ०७६/७७मा प्राधिकरणले सम्पूर्ण संचित नोक्सानीलाई शून्यमा झारी करिब ५ अर्ब रूपैयाँ नाफामा लैजान सफल भएको उनले सार्वजनिक गरेको विवरणमा उल्लेख छ। उनका अनुसार ४ वर्षअघि प्रणालीमा रहेको २५.७८ प्रतिशत विद्युत् चुहावटलाई घटाएर अहिले १५.२७ प्रतिशतमा झारिएको छ। देशभरका करिब ८६ प्रतिशत जनताले ग्रीडको विद्युत्मा पहुँच पाएका छन् र अफ ग्रीडसहित करिब ९० प्रतिशत जनताले विद्युत् उर्जामा पहुँच प्राप्त गरेका छन्। चार वर्षअघि प्रतिव्यक्ति प्रतिवर्ष विद्युत् खपत १३०.७८ युनिट मात्रै रहेकोमा अहिले बढेर २६० युनिट पुगेको उनले तथ्यांक प्रस्तुत गरे। भूमिगत तार विछ्याई काठमाडौ उपत्यकालाई तार र पोलरहित वनाउन, स्मार्ट मिटर जडान गर्ने, ग्रीडलाई स्वचालित गर्ने आदि कार्यको थालनी भएको बताउँदै उनले लामो समयदेखि रुग्ण भएर वसेका माथिल्लो त्रिशूली ३ ए, चमेलिया र कुलेखानी ३ आयोजनाहरू सम्पन्न भएको उनले बताए।

(बाँकी पृष्ठ २ मा)

# आन्तरिक उडान र सार्वजनिक सवारी भोलिदेखि



काठमाडौं, ३० भदौ (कास)ः आन्तरिक हवाई उडान बिहीबारबाट सञ्चालनमा ल्याउन अनुमति दिएको छ। कोरोना संकटका कारण बन्द भएको उडान १७७ दिनपछि सञ्चालनमा आउनेछन् भने दसैं नजिकिँदै गर्दा लामो दूरीका स्थल यातायात पनि सञ्चालनमा आउने भएका छन्। लामो दूरीका यातायात भने १७८ दिनपछि सञ्चालनमा आउन लागेका हुन्। सरकारका प्रवक्ता परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले मंगलबार आयोजित पत्रकार सम्मेलनमा सोमबारको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै यस्तो जानकारी दिएका हुन्।

प्रवक्ता ज्ञवालीका अनुसार आन्तरिक उडान र लामो दूरीका सार्वजनिक यातायातसँगै बिहीबारबाट होटल, रेष्टुरेन्ट, ट्राभललगायतका सबैजसो व्यवसाय सञ्चालनमा आउनेछन्। स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पूरा गरेर यी व्यवसाय खुला गर्ने निर्णय भएको उनले बताए। लामो दूरीका सार्वजनिक बस सञ्चालनका लागि जनस्वास्थ्यको संवेदनशीलतालाई ध्यान दिंदै निश्चित शर्त राखिएको छ। जसमा सिट क्षमताको ५० प्रतिशतमात्र यात्रु राख्नुपर्ने छ, जसमा भौतिक दूरी कायम गरेर सीट लहरमा एक जनामात्र यात्रु राख्न पाइने जनाइएको छ। यात्रुले मास्क अनिवार्य लगाउनु पर्ने, सवारीसाधनको ढोकामा स्यानिटाइजर राख्नुपर्ने, चालक, सहचालकले पनि मास्क, भाइजर र पन्जा अनिवार्य लगाउनु पर्नेछ। यस्तै, सवारीसाधनलाई दैनिक निसंक्रमित गर्नु पर्ने छ।

व्यवसायीले तोकिएको भाडामा अधिकतम ५० प्रतिशतसम्म बढी भाडा लिन पाउने व्यवस्था गरिएको छ। यस सम्बन्धमा भौतिक पूर्वाधार मन्त्रालयल र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गर्ने अन्य मापदण्ड अनिवार्य पालना गर्नु पर्ने भनिएको छ। सरकारले तोकेको मापदण्ड पालना भए नभएको अनुगमन र निरीक्षणको जिम्मेवारी भने यातायात विभाग र ट्राफिक महाशाखाको समन्वयमा गर्नु पर्ने सरकारले भनेको छ। संक्रमण बढिरहेको अवस्थामा स्थानिय प्रशासनले थप निर्णय गर्ने अधिकार दिएको छ। साथै होटल तथा रेष्टुरेन्ट, ट्राभलमा पनि स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड पूर्ण रुपमा पालना गर्नु पर्ने भनिएको छ।

विमान कम्पनीले पनि सीट क्षमताको ५० प्रतिशत मात्र यात्रु लिएर उडान भर्ने पाउने छन्। भौतिक दूरी कायम गर्दै १ सीटमा एक जनामात्र र स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पूरा गर्नुपर्ने जनाइएको छ। लागू हुनुपर्ने भाडा दरका सम्बन्धमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अधिकार तोकिएको छ। यससम्बन्धी मापदण्डको निर्धारण गर्ने काम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभागीय मन्त्रालयको समन्वयमा गर्ने छ भने मापदण्ड अनुसार उडान अवतरण यात्रु विमान कम्पनीले सुरक्षाका मापदण्ड पुरा गरे नगरेको अनुमगन भने नागरिक उड्डयन प्राधिकरणले गर्नेछ।

# आयात रोकिँदा प्याजको मूल्य दोब्बर

**कारोबार संवाददाता**

काठमाडौं, ३० भदौ



भारत सरकारले प्याजको निर्यात रोकेपछि नेपाली बजारमा प्याजको मूल्य एक सातामै दोब्बर भएको छ। भारत सरकारले निर्यात रोकेपछि बजारमा अभाव हुने आशंकाले व्यापारीले प्याज लुकाउने तथा उपभोक्ताले अनावश्यक सञ्चित गर्नाले मूल्य दोब्बर भएको हो। एक साताअघि प्रतिकेजी ४० रुपैयाँ रहेको प्याजको मूल्य बढेर अहिले एक सय रुपैयाँसम्म पुगेको छ। बजारमा अहिले प्याजको अभावसमेत देखिएको छ।

आयात रोकिएपछि पुरानो सामानलाई पनि कृत्रिम अभाव गराएर दोब्बर तेब्बर मूल्य लिएको उपभोक्ताको गुनासो छ। वुद्धनगरका व्यापारी शिव अधिकारीले बजारमा प्याज नै अभाव भएकाले मूल्य बढ्न गएको बताए। अहिले होलसेल पसलमा समेत प्याज नपाइएकाले मूल्य बढ्न गएको उनको भनाइ छ। प्रतिकेजी प्याजको मूल्य ८० देखि ९० रुपैयाँ पुगेको उनको भनाइ छ। भारतले प्याज निर्यात रोकेको भन्सार विभागले जानकारी दिएको छ। भारतबाट २९ भदौदेखि प्याज नआएकाले नेपालमा अभाव भएको व्यापारीहरू बताउँछन्। भारतबाट प्याज आउन छोडेपछि मूल्य बढ्न गएको व्यवसायीले जानकारी दिएका छ।

भारतले निर्यात रोकेको बहानामा व्यापारीहरूले स्टकमा रहेको प्याजको कृत्रिम अभाव सिर्जना गर्दै महँगोमा बेचिरहेको उपभोक्ताको गुनासो छ। भारत सरकारले प्याजको मूल्य अत्यधिक बढेको भन्दै निर्यात बन्द गरेको हो। निर्यात बन्द गरेपछि बजारमा प्याज प्रशस्त पाइने र मूल्य पनि कम हुने भारत सरकारको विश्लेषण छ। यसअघि सन् २०१९ मा पनि भारत सरकारले प्याजको निर्यात बन्द गरेको थियो।

# कोरोना नियन्त्रण कोषबाट १ अर्ब अनुदान

**गोपाल संग्रौला**

काठमाडौं, ३० भदौ

कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट हालसम्म १ अर्ब रुपैयाँ अनुदान वितरण गरिएको छ। कोषबाट ६४९ स्थानीय तह, ९ अस्पताल र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई सो अनुदान दिने निर्णय गरिएको हो। संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालक समितिको भदौ २१ मा बसेको एघारौं बैठकले कोरोनाको उपचार गरिरहेका अस्पताललाई मात्र २८ करोड रुपैयाँभन्दा बढी अनुदान दिने निर्णय गरेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ।

प्रचलित कानुन एवम् स्वीकृत मापदण्डबमोजिम भुक्तानी गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र सोको प्रतिवेदन समेत गर्ने गरी अस्पताल तथा परिषदलाई कोषवाट निकासा गर्ने निर्णय गरेको छ। जाजरकोटको चौरजहारी अस्पताल र दैलेख अस्पताललाई स्वास्थ्य उपकरण खरिद तथा ल्याब व्यवस्थापनको प्रतिअस्पताल ५० लाखका दरले १ करोड रुपैयाँ अनुदान दिने निर्णय भएको छ। यसैगरी शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र बाँसवारीलाई कोभिड १९ सँग सम्बन्धित उपकरण खरिद गर्न १ करोड रुपैयाँ दिने निर्णय गरेको छ।



प्रधानमन्त्री कार्यालय अन्तर्गत रहेको सो कोषमा हालसम्म २ अर्ब ७६ करोड रुपैयाँभन्दा बढी सहयोग प्राप्त भएकोमध्ये हालसम्म ९३ करोड रुपैयाँ अनुदान वितरण भएको छ। कोषबाट यसअघि पनि संक्रमण नियन्त्रणका लागि रकम खर्च भईसकेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीले स्थानीय तहलाई अनुदानका लागि रकम निकासा गर्ने गरी पत्र प्राप्त भएको जानकारी दिए। उनले रकम निकासा भए नभएको बारेमा भने जानकारी नभएको बताए। कोषबाट नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई कोभिड १९ तथा अन्य स्वास्थ्य सम्बन्धी विषयमा अनुसन्धान गर्ने परियोजनाको लागि २ करोड रुपैयाँ दिने निर्णय भएको छ। सो कोषबाट १० वटा भेन्टिलेटर सहित १४ वटा आइसियू बेड स्थापना तथा व्यवस्थापनका लागि त्रिभूवन विशविद्यालय शिक्षण अस्पताललाई ५ करोड़ ७५ लाख रुपैयाँ दिने निर्णय भएको छ। यसैगरी ५ वटा भेन्टिलेटर सहित १४ बटा आईसीयू बेड स्थापना तथा व्यवस्थापनका लगि धुलिखेल अस्पताललाई पनि २ करोड ८५ लाख रुपैयाँ दिने निर्णय भएको छ। भेन्टिलेटरसहितको २० वटा आईसीयू बेड स्थापना तथा कोभिड १९ सँग सम्वन्धित अन्य स्वास्थ्य उपकरण खरिद र व्यवस्थापनका लागि नेपाल प्रहरी अस्पताललाई ८ करोड ४० लाख रुपैयाँ दिइएको छ।

(बाँकी पृष्ठ २ मा)



# भारतद्वारा दुई हजार थान रेमेडिसिभर सहयोग

काठमाडौं, ३० भदौ (कास)ः भारत सरकारले नेपाल सरकारलाई गम्भीर अवस्थाका कोभिड-१९ का सङ्क्रमितको उपचारका निम्ति आवश्यक पर्ने 'रेमेडिसिभर' प्रदान गरेको छ । नेपालका लागि भारतका राजदूत विनयमोहन क्वात्राले भारत सरकारका तर्फबाट परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीलाई मंगलबार २,००० थान रेमेडिसिभर उपहारस्वरुप हस्तान्तरण गरे ।

कोभिड-१९को विश्वव्यापी महामारीले निम्त्याएको चुनौती सामान गर्न भारत सरकारले रेमेडिसिभर उपलब्ध गराएकामा भारत सरकारप्रति कृतज्ञता व्यक्त गर्दै मन्त्री ज्ञवालीले उक्त महामारीबाट भारत स्वयम् प्रभावित भएको अवस्थामा सहयोग प्राप्त हुनु दुई देशबीच भरपर्दो मैत्रीको प्रतीक भएको बताए ।

# डा. केसी अनसनस्थलमै बिरामी जाँच्दै



जुम्ला, ३० भदौ (कास)ः चिकित्सा शिक्षा सुधारको माग राख्दै १९ औँ अनसन बसेका प्राध्यापक डाक्टर गोविन्द केसीले अनसन स्थल मन्दिरमै बिरामी जाँच्न थालेका छन् । अनसन स्थल चन्दननाथ नगरपालिका ६ रानीचौरमा रहेको बाबिरा मष्टो मन्दिरको धर्मशालामै स्वास्थ्य जाँच गराउन बिरामी पुगेपछि डा. केसीले जाँच्न थालेका हुन् ।

चिकित्सा शिक्षामा सुधारको माग राख्दै अनशन बसेका केसी माग पूरा नभएसम्म बरु मर्ने तर अनशन नतोड्ने अडानमा छन् । अनशन बसेपनि आफ्नो अन्तिम सास रहुन्जेल विरामीको सेवा गर्न नछोड्ने उनको भनाइ छ । केसी मन्दिरमै अनशन बसेको थाहा पाएपछि स्थानीयवासी मन्दिरमै पुगेर आफ्नो स्वास्थ्य समस्या दर्शाउन थालेका छन् । अस्पताल छोडेर जाँच गराउन अनसन स्थलमा आउँछन् भने चिकित्सक हुनुको धर्मले पनि इन्कार गर्न नमिल्ने डा. केसीको तर्क छ ।

## बर्गीकृत डिस्प्ले

### वीमा लेख हरायो

मिति २०७७।०४।२८ गतेका दिन भक्तपुरदेखि बानेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको नेपाल लाइफ इन्स्योरेन्स कं. लि. बाट जारी भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः निराजन संग्रौला
बीमा लेख नं.: १०७००३८८७
ठेगानाः सूर्यविनायक न.पा.-५, भक्तपुर
सम्पर्कः ९८४१७५५४९३

वर्गीकृत विज्ञापनको दररेटः
वर्गीकृत डिस्प्ले (श्यामश्वेत)
(मू.अ.क बाहेक)
रु. ६००/-

कारोबार
विस्तृत जानकारीको लागि सम्पर्क
टीबीआई कम्प्लेक्स, ४९२ मध्यमार्ग, बुद्धनगर, काठमाडौं ।
फोनः ४७८५०००, ४७८५६६१

### वर्गीकृत विज्ञापनका लागि सम्पर्क

● **गोरखा न्यूज एण्ड स्टेशनरी**, सोह्रखुट्टे, नयाँबजार, काठमाडौं, फोन: ०१-४३५५७६० ● **माउन्टेन एडभरटाइजिङ एजेन्सी**, जावलाखेल, बागडोल, फोन: ०१-५५३३७६६, मोबाइल: ९८४९६६९४६५ ● **सफल विज लिंक**, नयाँ बजार, पोखरा, कास्की, फोन नं.: ०६१-५३८९१३, मोबाइल: ९८५६०२६५७२ ● **जयबागेश्वरी कम्युनिकेशन प्रा. लि.**, जयबागेश्वरी-८, काठमाडौं, फोन: ०१-४४६६६११, ४४६७०३४ ● **आदर्श मिडिया**, नारायणगढ, चितवन, फोन नं.: ९८४५१९९३६१, ९८५५०६५८१६ ● **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेसन**, जमल, काठमाडौं फोन: ०१४२२४१८१, ४०१२५७७

# INTEREST RATE

Effective from 17th September 2020 (1st Ashwin 2077)

**Savings Deposit (NPR)**

| SN | Account Type | Interest Rate (p.a.) | Minimum Balance (Rs.) |
|---|---|---|---|
| 1 | Saving General (Normal Deposit) | 2.50% | Rs. 500.00 |
| 2 | Saving Ghar- Dailo | 2.50% | Nil |
| 3 | Saving General Daily | 2.50% | Nil |
| 4 | Saving Shareholder | 2.50% | Nil |
| 5 | Saving-General Foreign Employment | 2.50% | Nil |
| 6 | Supreme Saving | 2.50% | Rs. 1,000.00 |
| 7 | Freedom Saving | 2.50% | Rs. 100.00 |
| 8 | Saving Student | 2.50% | Rs. 100.00 |
| 9 | Saving Mobile ATM | 2.50% | Rs. 200.00 |
| 10 | Saving-NRN | 2.50% | Rs. 500.00 |
| 11 | Saving Saugat | 2.50% | Rs. 5,000.00 |
| 12 | Saving Remittance | 3.00% | Rs. 1,000.00 |
| 13 | Saving Salary | 3.00% | Rs. 100.00 |
| 14 | Everest Baal Bachat | 3.00% | Rs. 5,000.00 (Valley)<br>Rs. 2,500.00 (Outside Valley) |
| 15 | Everest Naari Bachat | 3.00% | Rs. 5,000.00 (Valley)<br>Rs. 2,500.00 (Outside Valley) |
| 16 | Saving Premium | 4.50% | Rs. 1 lac (Valley)<br>Rs. 0.5 lac (Outside Valley) |
| 17 | Staff Saving-EBL | 4.50% | Nil |
| 18 | Saving Provident Fund | 4.50% | Nil |
| 19 | Saving Pension | 4.50% | Nil |
| 20 | Everest Special Saving | 4.50% | Rs. 25,000.00 (Valley)<br>Rs. 10,000.00 (Outside Valley) |
| 21 | Hatemalo Saving | 4.50% | Rs. 200.00 (Out of which Rs. 100.00 will be contributed by bank itself) |
| 22 | Matribhumi Savings | 4.50% | Nil |
| 23 | Saving Gorkha Regiment | 4.50% | Nil |
| 24 | Payroll Saving (NFPO) | 4.50% | Rs. 100.00 |
| 25 | Corporate Salary | 4.50% | Rs. 100.00 |
| 26 | EBL Super Saving | 4.50% | Rs. 10,000.00 |
| 27 | Everest Samridhi Bachat Khata | 4.50% | Rs. 100.00<br>(Bank's contribution from CSR fund) |

**Savings Deposit (FCY)**

| S.N. | Account Types | Interest Rate (p.a.) |
|---|---|---|
| 1 | Euro Saving | 0.25% |
| 2 | GBP Saving | 0.25% |
| 3 | USD Saving | 0.50% |

**Normal Fixed Deposit (NPR)**

| SN | Period | Interest Rate (p.a.) | |
|---|---|---|---|
| | | Individual | Institution |
| 1 | 3 Months to less than 6 Months | 6.50% | 5.50% |
| 2 | 6 Months to less than 1 Year | 7.00% | 6.00% |
| 3 | 1 Year up to 10 years | 7.25% | 6.50% |

**Other Fixed Deposit (NPR)**

| SN | Account Type | Period | Interest Rate (p.a.) |
|---|---|---|---|
| 1 | Institutional Bulk Fixed Deposit | 3 to 6 months | 6.50% |
| 2 | Special Fixed Deposit (Institution) | 6 to 12 months | 6.50% |

*Note: In case of renewal of existing FDs of Institutions, additional 0.10% could be offered.*

**FCY Deposit**

| S.N. | Account Types | Interest Rate (p.a.) |
|---|---|---|
| 1 | USD Call / Fixed Deposit | Negotiable |

| S.N | Account Type | Interest Rate (p.a.) |
|---|---|---|
| 1 | EBL Retirement Plan | 7.25% |

| S.N | Account Type | Interest Rate (p.a.) |
|---|---|---|
| 1 | Everest Pizza Deposit | As per normal FD Rate |
| 2 | Flexi Recurring Deposit | As per normal FD Rate |
| 3 | Sadichha Fixed Deposit | As per normal FD Rate |
| 4 | Sunaulo Bhawishya Yojana | As per normal FD Rate |
| 5 | Cumulative Deposit Scheme | As per normal FD Rate |
| 6 | Unfixed Fixed Deposit | As per normal FD Rate |
| 7 | Supreme Fixed Deposit | As per normal FD Rate |
| 8 | Saugat Muddati Khata | As per normal FD Rate |

**Call Deposit (NPR)**

| SN | Account Type | Interest Rate (p.a.) |
|---|---|---|
| 1 | Normal Call Deposit | Up to 1.00%<br>(Except already contracted Accounts) |
| 2 | Smart Call Deposit | |

**A. For individual borrower availing Term Loan (repayment period above 1 year)**

| Credit Facilities | FIXED INTEREST RATES (in %) | | | | |
|---|---|---|---|---|---|
| | REPAYMENT PERIOD | | | | FLOATING INTEREST BAND (if opted by the borrower) |
| | Upto 3 years | Upto 5 years | Upto 10 years | Above 10 years | |
| Housing Loan (upto 1 cr.) | - | 10.98% | 11.98% | 13.48% | BR+2.00% to BR+5.00% |
| Housing Loan (above 1 cr.) | - | 11.48% | 12.48% | 13.98% | BR+2.50% to BR+5.00% |
| Hire Purchase | 10.73% | 11.48% | 12.48% | - | BR+2.50% to BR+5.00% |
| Vehicle Loan | 10.73% | 11.48% | 12.48% | - | BR+2.50% to BR+5.00% |
| Education Loan | 10.98% | 11.73% | 12.73% | - | BR+2.75% to BR+4.00% |
| Flexi Loan-TL | 12.23% | 12.98% | 13.98% | - | BR+4.00% to BR+5.00% |
| Professional Loan | 10.98% | 11.73% | 12.73% | - | BR+2.75% to BR+4.00% |
| Future Lease Loan | 10.98% | 11.73% | 12.73% | - | BR+2.75% to BR+4.00% |
| Retail Space Loan | 10.98% | 11.73% | 12.73% | - | BR+2.75% to BR+4.00% |
| Loan against consumable goods | 10.98% | 11.73% | 12.73% | - | BR+2.75% to BR+4.00% |
| Loan against Pension | 10.48% | 11.23% | - | - | BR+2.25% to BR+4.00% |
| Advance against Life Insurance Policy | 10.98% | 11.73% | 12.73% | - | BR+2.75% to BR+4.00% |
| Agro Loan | 10.23% | 10.98% | 11.98% | - | BR+2.00% to BR+4.00% |
| Deprived Sector (Others) | 10.98% | 11.73% | 12.73% | - | BR+2.75% to BR+4.00% |

**B. For "Others"**

| Credit Facilities | FLOATING INTEREST BAND |
|---|---|
| WC-OD/ STL/ DL/ TR* | BR+1.25% to BR+5.00% |
| Term Loan (below 3 years)* | BR+1.25% to BR+5.00% |
| Term Loan (3 years & above)* | BR+1.75% to BR+5.00% |
| Margin Lending | BR+2.75% to BR+5.00% |
| Hire Purchase (other than individual) | BR+2.50% to BR+5.00% |
| Vehicle Loan (other than individual) | BR+2.50% to BR+5.00% |
| Flexi Loan-Overdraft (below Rs. 50 lacs) | BR+3.25% to BR+5.00% |
| Flexi Loan-Overdraft (Rs. 50 lacs and above) | BR+3.75% to BR+5.00% |
| Flexi Loan-TL (other than individual) | BR+4.00% to BR+5.00% |
| USD denominated FCY loan | Linked with LIBOR as per tenure of facility subject to premium/ discount applicable |
| FCY Loan against Sight LC | 6 months LIBOR+2.75% |
| Loan against liquid assets (FDR, Govt. Bond/ National Saving Bond) | 2% above coupon rate |
| Deprived Sector (MFI & NBFC) | BR+2.25% to BR+4.00% |
| Deprived Sector (Others) | BR+2.75% to BR+4.00% |
| Future Lease Loan | BR+2.75% to BR+4.00% |
| Retail Space Loan | BR+2.75% to BR+4.00% |
| Agro Loan | BR+2.00% to BR+4.00% |
| Retail Loans under Tie Up Arrangement | As per Tie Up Arrangement |
| Advance against Life Insurance Policy | BR+2.75% to BR+4.00% |
| Finance against Salary to Confirmed Permanent Staff | BR+3.00% to BR+4.00% |
| Finance against Salary to Confirmed Permanent Staff under Tie Up Arrangement | As per Tie Up Arrangement |

**Subject to Internal Risk Rating*

**Fixed interest rates for Term Loan with repayment period above 1 year (other than mentioned above in case of individual) shall be applicable:**

| FIXED INTEREST RATES (in %) | | | |
|---|---|---|---|
| PERIOD | | | |
| Upto 3 years | Upto 5 years | Upto 10 years | Above 10 years |
| applicable floating rate+0.75% (risk premium) | applicable floating rate +1.50% (risk premium) | applicable floating rate +2.50% (risk premium) | applicable floating rate+4.00% (risk premium) |

**Borrowers other than individual can also opt for the above fixed rates for Term Loans with repayment period above 1 year.**

**Rating and applicable rates**

| S.No. | Score Band (in %) | Rating Grades | Corporate, SMEs & others (Rated accounts) |
|---|---|---|---|
| 1 | Above 80.00 | AAA | BR+1.25% |
| 2 | Above 77.50 up to 80.00 | AA + | BR+1.50% |
| | Above 72.50 up to 77.50 | AA | BR+1.75% |
| | Above 70.00 up to 72.50 | AA - | BR+2.00% |
| 3 | Above 67.50 up to 70.00 | A + | BR+2.25% |
| | Above 62.50 up to 67.50 | A | BR+2.50% |
| | Above 60.00 up to 62.50 | A - | BR+2.75% |
| 4 | Above 57.50 up to 60.00 | BB + | BR+3.25% |
| | Above 52.50 up to 57.50 | BB | BR+3.50% |
| | Above 50.00 up to 52.50 | BB - | BR+3.75% |
| 5 | Above 47.50 up to 50.00 | B + | BR+4.25% |
| | Above 42.50 up to 47.50 | B | BR+4.50% |
| | Above 40.00 up to 42.50 | B - | BR+4.75% |
| 6 | Above 30.00 up to 40.00 | C | BR+5.00% |
| 7 | 30.00 and below | D | BR+5.00% |

**Notes:**
- Interest rates on consortium loans shall be as per consortium decision.
- Penal interest @ 2.00% shall be applied on overdue amount/expired loan.
- Risk premium of 2.00% p.a. may be charged for watch-list accounts.
- Penal interest of 2% is to be charged where audited financial statements are not submitted before Magh end of following financials year by those borrowers whose pricing is linked with Risk Rating.

***Base Rate: 7.48% (as on Shrawan end 2077)*** ***Spread Rate: 4.38% (as on Shrawan end 2077)***

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

Consistent, Strong & Dependable

पृष्ठ १ बाट जारी

**लोडसेडिङ...**

चार वर्षे कार्यकालमा आफूले माथिल्लो तामाकोसीसहित चिलिमे जलविद्युत् कम्पनीअन्तर्गतका आयोजनाहरू सम्पन्न गर्ने, ढल्केबरमा ४०० केभी सबस्टेसन चार्ज गर्ने, देशलाई विद्युत्मा आत्मनिर्भर वनाउदै निर्यात गर्ने, काठमाडौ उपत्यकालाई तार र पोल रहित वनाउने, स्मार्ट मिटर र ग्रीड स्वचालित प्रणाली देशभरी लागू गर्ने र देशभरका शतप्रतिशत जनतालाई विद्युत्मा पहुँच पुऱ्याउने, डिजिटल एनईए बनाउने कार्य पूरा गर्न नसकेको पनि उनले स्वीकार गरेका छन् ।

यस अविधमा उनले खिम्ती जलविद्युत् आयोजनाको ५० प्रतिशत स्वामित्व स्वतः आइसके पनि यसमा भविष्यका लागि महत्वपूर्ण मानिएको विद्युत् खरिद सम्झौता (पीपीए) दर टुंग्याउन सकेनन् । कोरोना महामारीको अवस्थाले यो पूरा हुन हुन नसकेको हो ।

घिसिङको अनुभवमा आगामी दिनहरूमा आहिलेसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्नु पहिलो चुनौती छ भने उत्पादित विद्युत्को वजार व्यवस्थापन दोस्रो चुनौतीको रूपमा रहेको छ ।

विद्युत् आपूर्तिको नियमितता र गुणस्तर वृद्धि गर्नु तेस्रो चुनौती रहेको बताउँदै उनले बिदाई कार्यक्रममा भने, "संघीय संरचना र नयाँ विद्युत् ऐन अनुसार संस्थागत पुनर्संरचना गरी प्रभावकारी संचालनमा ल्याउनू चौथो चुनौती रहको छ ।" यसबाहेक आयोजनाविहीन बन्दै गएको प्राधिकरण आफैले नयाँ नयाँ आयोजना सुरु गरेर अघि बढाउनुपर्ने चुनौती अर्को छ ।

हाल प्राधिकरणले आफैले सेयर लगानी गरेर कम्पनीमार्फत आयोजनाहरू निर्माण गरिरहेको छ भने कम्पनीमार्फत अघि बढेका आयोजनाहरूलाई जनताको जलविद्युत् अन्तर्गत आवद्ध गरेपछि प्राधिकरण आफैले आयोजना निर्माण गर्ने गरेको लामो इतिहासको अन्त्य हुने अवस्था सिर्जना हुन लागेको छ । अहिले विस्तारै प्राधिकरण लगानीकर्ताको रूपमा अघि बढेको छ भने विकासकर्ता हुन सकेको छैन, अब भने प्राधिकरण विकासकर्ता बढी र लगानीकर्ता कम हुनुपर्ने आवश्यकता देखिएको छ ।

बिदाई कार्यक्रममा आफूले चार वर्षमा हासिल गरेको उपलब्धिको फेहरिस्त सुनाउँदै आर्थिक वर्ष २०७२/७३ मा ३५ अर्ब ७ करोड आम्दानी रहेको प्राधिकरणको २०७६/७७ मा ७७ अर्ब ८० करोड पुगेको तथा प्रसारणलाइनतर्फ ४ वर्षअघिसम्म ६६ के.भी. र सोभन्दामाथिका प्रसारणलाइन लम्बाई २९११ सर्किट किलोमिटर(किमी) रहेकोमा अहिले ४७ प्रतिशतले बढेर ४२७५.२ सर्किट किमी र चार वर्षअघि ग्रीड सवस्टेसनहरूको क्षमता करिव २२२३ एमभीए रहेकोमा अहिले ८७ प्रतिशतले बढेर ४१६०.७ एमभीए पुगेको उल्लेख गरेका छन् ।

**आर्थिक...**

नेपालको प्रमुख व्यापाकि साझेदार छिमेकी मुलुक भारतमा अपेक्षित तीव्र गति आर्थिक मन्दीले नेपालको वृद्धिको सम्भावनालाई रोक्ने बताउँदै एडीबीका देशीय निर्देशक मुख्तोर खामुदखानोभले लामो समयको लकडाउनका कारण आर्थिक गतिविधि कम भएर यस्तो अवस्था आएको बताए ।

मंगलबार नै सार्वजनिक भएको नेपाल माइक्रो इकोनोमिक अपडेटले भने सामान्य मनसुनपछि धानको उत्पादन बढ्ने अवस्था देखिएको उल्लेख गरेको छ । तर, प्रतिवेदनले औद्योगिक उत्पादनमा संकुचन र निर्माण क्षेत्रमा भएको ढिलाइ, सेवा क्षेत्रमा आउने सुस्त व्यापार तथा अन्तर्राष्ट्रिय उडानमा आउने कमीको कारण आर्थिक वृद्धिदर खुम्चिने उल्लेख गरिएको छ ।

सन् २०२१ मा उन्नत अर्थतन्त्रमा ढिलाइ भएको आर्थिक सुधारले विप्रेषण आप्रवाहलाई कम गर्ने तथा आप्रवासी कामदारहरूको रोजगारीको सम्भावनालाई कम गर्ने तथा व्यवसायहरू सामान्य अवस्थामा आउन समय लाग्ने, बैंकहरूको लगानीवापतको साँवा, ब्याजमा हुने ढिलाई लगायतका कारण आर्थिक वृद्धिदरमा असर पर्ने एडीबीले जनाएको छ ।

एडीबीका अनुसार सन् २०२१ मा दक्षिण एसियाको आर्थिक वृद्धिदर ६.८ प्रतिशत हुने प्रक्षेपण छ । सन् २०२० मा अर्थात अघिल्लो बर्ष २.२ प्रतिशत अनुमान गरेकोमा माइनल शुन्य दशमलब ७ प्रतिशतमा झरेको थियो । दक्षिण एसियामा सर्वाधिक ठूलो संकुचन माल्दिभ्सको अर्थतन्त्रमा भएको छ । पर्यटनमा आश्रित भएका कारण सन् २०२० मा माल्दिभ्सको अर्थतन्त्र २०.५ प्रतिशतले संकुचित भएको प्रतिवेदनमा उल्लेख छ ।

**कोरोना...**

कोभिड-१९ का संकास्पद तथा संक्रमित व्यक्तिहरूको उपचार गर्ने ५ अस्पताललाई 'कोरोना भाइरस संक्रमणको उपचारवापत शोधभर्ना अनुदान उपलब्ध गराउनेसम्बन्धी आदेश, २०७७' बमोजिम खर्च शोधभर्ना स्वरूप रकम निकास गरिएको छ ।

यसरी शोभ भर्नास्वरुप भरतपुर अस्पताललाई २ करोड ३३ लाख ६७ हजार, कान्ति बाल अस्पताललाई १ करोड ५५ लाख ७९ हजार, राष्ट्रिय ट्रमा सेन्टर लाई १ करोड ३५ लाख ५ हजार, भेरी अस्पताललाई १ करोड़ ६८ लाख ११ हजार र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई ५७ लाख ४२ हजार रुपैयाँ दिईएको मन्त्रालयले जनाएको छ । यो रकम प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम भुक्तानी गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र सोको प्रतिवेदन समेत गर्ने गरी निकासा उपलब्ध गराईएको जनाइएको छ ।

हालसम्म अस्पताल स्थापना भैंसकेका स्थानीय तहरूमा कम्तिमा ५ बेडको अस्पताल संचालन गर्ने नेपाल सरकारको घोषित नीति कार्यान्वयन गर्नका लागि स्थानीय तहलाई समेत अनुदान दिईएको छ । आवश्यक बेड, उपकरण र जनशक्ति व्यवस्थापन गर्न ६४९ स्थानीय तहहरूलाई प्रति स्थानीय तह १० लाख रुपैयाँका दरले ६४ करोड ९० लाख रुपैयाँ कोपबाट निकासा दिने निर्णय भएको छ । यसरी निकासा भएको रकमको प्रचलित कानून एवम् स्त्रीकृत मापदण्ड बमोजिम भुक्तानी गर्ने, लेखा राख्ने लेखापरीक्षण गराउने र सोको प्रतिवेदन समेत गर्ने दायित्व सम्बन्धित स्थानीय तहको रहने जनाईएको छ ।

# त्रिभुवन विमानस्थलमा चार आयोजना सम्पन्न

काठमाडौं, ३० भदौ (कास): कोभिड-१९ महामारीकाबीच त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको महत्वपूर्ण चार आयोजनाको निर्माण सम्पन्न भएका छन् । अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता विस्तार योजनाअन्तर्गत ३ सय ०० मिटर धावनमार्ग विस्तार, अन्तर्राष्ट्रिय जहाज पाकिङ्गस्थल, अत्याधुनिक सुविधा सम्पन्न अन्तर्राष्ट्रिय प्रस्थान हल (स्टेराइल हल गेट लाउन्ज), अन्तर्राष्ट्रिय आगमन 'एराइभल कभर्ड वल्कवे' र कभर्ड हल निर्माणको काम सम्पन्न भएको छ।

यी चारवटै आयोजनाको मंगलबार अन्तर्राष्ट्रिय विमानस्थलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले मंगलबार उद्धाटन गरेका छन्। सो अवसरमा मन्त्री भट्टराईले कोभिड महामारीकाबीच पनि आयोजनाको निरन्तर अनुगमन, निर्देशनका साथै व्यवस्थापकीय कामको सहजिकरणको परिणाम स्वरुप विमानस्थलको महत्वपूर्ण भौतिक संरचना विस्तारको काम सम्पन्न भएको बताएका छन् । उनले भने, "यो विषम परिस्थितामा आयोजानको कामले गति लिएको छ, विमानस्थलको क्षमता विस्तारका साथै सेवा आधुनिकीकरणको कामलाई आगामी दिनमा पनि निरन्तरता दिने छ।"

हालैको मन्त्रिपरिषद् बैठकले अन्तर्राष्ट्रिय उडान संख्या थप्ने निर्णय गर्नुका साथै असोज ५ गतेदेखि आन्तरिक हवाई उडान पनि सञ्चालन गर्ने निर्णय गरेकाले विमानस्थल अब विस्तारै पुरानै लयमा फर्किने विश्वास मन्त्री भट्टराईको थियो । कोभिड महामारीबाट सुरक्षित रहेर सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्डको परिपालना गर्दै सुरक्षित हवाई सेवाको सुनिश्चितताका लागि सबैको सक्रिय सहयोग चाहिने उनले बताए।

पर्यटनमन्त्री भट्टराईले विमानस्थलमा थपिएका नयाँ संरचनाले क्षमता विस्तारका साथै सेवाको अत्याधुनिकीकरण र सुरक्षित र भरपर्दो उडानका लागि महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

## ग्लोबल आइएमई समुन्नत योजना – १ को इकाईधनी दर्ता किताब बन्द हुने बारेको सूचना

**ग्लोबल आइएमई म्युचुअल फण्ड** अर्न्तगत यस कम्पनीको योजना व्यवस्थापनमा सञ्चालित **ग्लोबल आइएमई समुन्नत योजना - १** ले आर्थिक वर्ष २०७६/०७७ को लागि योजनाको इकाईधनीहरूलाई ४ प्रतिशत (कर सहित) का दरले योजनाको प्रतिफल वितरण गर्ने प्रयोजनको लागि योजनाको इकाईधनी दर्ता किताब मिति २०७७ असोज ९ गते १ (एक) दिनका लागि बन्द हुने व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ । तोकिएको दर्ता किताब बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म नेप्सेको प्रणालीमा कारोवार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधिभित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरू मात्र नगद प्रतिफलको हकदार हुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गराईन्छ ।

Global IME Capital Limited
GROW WITH US
पोष्ट बक्स नं. २१५९९
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्स: ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

## नेपाल सरकार उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
## श्री विद्युत विकास विभाग
### लोवर मिड रावाखोला जलविद्युत आयोजना सम्बन्धी सार्वजनिक सूचना

खोटाङ्ग जिल्ला ऐंसेलुखर्क गाउँपालिका र केपीलासगढी गाउँपालिका हुँदै बग्ने रावाखोलामा अवस्थित रावाखोला हाइड्रो पावर प्रोजेक्टको विद्युत उत्पादन अनुमतिपत्रका लागि लोवर मिड रावाखोला हाइड्रो पावर प्रोजेक्ट प्रा.लि.बाट विद्युत विकास विभागमा दरखास्त दिई मिति २०७७/०४/०७ र २०७७/०४/०८ गतेको गोरखापत्रमा सो आयोजना सम्बन्धी सार्वजनिक सूचना प्रकाशन भएकोमा आयोजनाको क्षेत्र निम्नानुसार हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याईएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

पूर्व : ८६°४९'००" पूर्वी देशान्तर ।
पश्चिम : ८६°४६'४९" पूर्वी देशान्तर ।
उत्तर : २७°२१'००" उत्तरी अक्षांश ।
दक्षिण : २७°२०'०३" उत्तरी अक्षांश ।

## MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)
प्रधान कार्यालय ओमकार भवन, नयाँ बानेश्वर-१०, काठमाण्डौं
फोन नं. ०१-४७८२५१७, फ्याक्स: ०१-४७८२५३४
वेबसाइट: www.manjushreefinance.com.np
ईमेल: info@manjushreefinance.com.np

### INTEREST RATE
Effective from Ashwin 01, 2077 (September 17, 2020)

Interest Rates on Savings Account

| Saving Account | Min.Balance (NPR) | Interest rate (p.a) |
|---|---|---|
| Normal Saving | 0.00 | 6.50% |
| Nari Saving | 0.00 | 6.75% |
| Children Saving | 0.00 | 6.75% |
| Manjushree Bishes Bachat | 5,000.00 | 7.00% |

Interest on Fixed Deposits for Individuals and Institutions

| Tenure | Individual (p.a) | Institutions (p.a) |
|---|---|---|
| FD from 3 - 23 Months | 8.50% | 8.00% |
| FD from 2 years and above | 8.75% | 8.25% |
| Loans & Advances | Base rate + Up to 5.00% premium (p.a.) | |
| Loan against FD | FD Rate + 2.00% (p.a.) | |
| All Fixed Interest Rate Loan Products | 15% p.a. | |

*Base Rate: 10.02% and Interest Rate Spread: 4.69%
(as of Shrawan End 2077)*

## कामना सेवा विकास बैंक लि.
## Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)
केन्द्रीय कार्यालय: काठमाण्डौ-३०, ज्ञानेश्वर, फोन नं. ०१-४४४०११५, ४४४०११६, ४४४०१२३
Email: info@kamanasewabank.com | www.kamanasewabank.com

### INTEREST RATE
Effective from 1st Asoj 2077 (17th Sep 2020)

| Saving Deposit | Interest Rate |
|---|---|
| Kamana Sewa Pragati Bachat Khata, Swabhiman Bachat Khata, Shareholder Saving | 5.50% |
| Normal Saving, Subharambha Saving, Swarnim Surakshit Saving, Sabal Nari Saving, Child Saving, Salary Saving, Student Saving, Pensioner Saving, Farmer's Saving, Samajik Surakchhya Saving, Kholau Bachat Khata (KBK) Saving*,Swarnim Surakschhit Plus Saving, Others saving accounts | 3.50% |
| Call Deposit | Upto 1.75% |

Fixed Deposit

| Individual FD | Interest Rate (%) | Frequency |
|---|---|---|
| 3 Months | 7.5 | Monthly<br>Quarterly<br>Maturity |
| 6 Months | 8 | |
| 1 year | 8.5 | |
| Above 1 year to 2 years | 8.75 | |
| Above 2 years-10 years | 9 | |

| Institutional FD | New Interest Rate (%) | Renew Interest Rate (%) | Frequency |
|---|---|---|---|
| 3 months to Below 1 year | 6.5 | 7 | Monthly<br>Quarterly<br>Maturity |
| 1 year to 2 years | 6.75 | 8 | |
| Above 2 years to 5 years | 7 | 8 | |
| Above 5 years to 10 years | 8 | 8 | |
| Recurring Deposit | 8.5 | | Quarterly |
| Sunaulo Bhabisya Recurring Deposit | 8.5 | | |

| Loan and Advances | "Interest Rate (p.a) (Base Rate + Premium) (%)" |
|---|---|
| Deprived Sector (Wholesale) | Negotiable |
| Loan against FD | +upto 3% on coupon rate or Base Rate whichever is higher |
| Consortium Loan | As per consortium decision |
| Deprived Sector Loan | Base rate + upto 5% |
| All others loans and advances | Base Rate + upto 5% |
| Base Rate | 9.14% (Shrawan 2077) |

*Rs 100 will be deposited by the bank itself
Note: Fixed Rate for Personal Term Loans are under consideration and will be published in the near future.

## राष्ट्रिय वाणिज्य बैंक लि.
राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.
... तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था
केन्द्रीय कार्यालय

### निक्षेपको ब्याजदर २०७७ असोज ०१ (17th September, 2020) देखि लागू हुने
### निक्षेपको ब्याजदर

| क्र.सं. | निक्षेप प्रकार (Deposit Type) | न्यूनतम मौज्दात (Minimum Balance Requirement) | ब्याजदर प्रतिशत % |
|---|---|---|---|
| १ | **बचत निक्षेप (स्वदेशी मुद्रामा)** | | |
| | सामान्य बचत खाता | रु.१००० | ३.०० |
| | रा.बा बैंक विशेष बचत खाता | रु.५००० | ५.०० |
| | रा.बा बैंक सुनौलो बचत खाता | रु.५००० | ५.०० |
| | रा.बा बैंक डाएमण्ड बचत खाता | रु.५००० | ५.०० |
| | कर्मयोगी बचत खाता | रु.५००० | ५.०० |
| | महालक्ष्मी बचत खाता | रु.५००० | ५.०० |
| | छुनामुना बचत खाता | रु.५०० (प्रति महिना न्यूनतम निक्षेप रु.५००) | ५.०० |
| | शिक्षक बचत खाता | रु.५०० | ५.०० |
| | नेपाल सरकार पेन्सनर बचत खाता | ० | ५.०० |
| | रा.बा बैंक पेन्सनर बचत खाता | ० | ५.०० |
| | सामाजिक सुरक्षा बचत खाता | ० | ५.०० |
| | सशस्त्र प्रहरी बचत खाता | ० | ५.०० |
| | प्रहरी बचत खाता | ० | ५.०० |
| | यूनिभर्सीटी पेन्सन बचत खाता | ० | ५.०० |
| | नेपाल दूरसचार पेन्सनर बचत खाता | ० | ५.०० |
| | कृषि अनुसन्धान पेन्सनर बचत खाता | ० | ५.०० |
| | दीर्घायु बचत खाता | रु.१००० | ५.०० |
| | मुआव्जा बचत खाता | ० | ५.०० |
| | भुकम्पपिडीत राहत बचत खाता | ० | ५.०० |
| | रा.बा बैंक कर्मचारी बचत खाता | रु.१०० | ५.०० |
| | नेपाल आर्मी कर्मचारी बचत खाता | ० | ५.०० |
| | तलबी बचत खाता | ० | ५.०० |
| | रा.बा बैंक समृद्धि बचत खाता (*) | रु.१००।०० (रा. बा. बैंकको तर्फबाट जम्मा गरी दिने ) | ५.०० |
| | छोरी सुरक्षा बचत खाता (कर्णाली) | ० | ५.०० |
| २ | **बचत निक्षेप (बिदेशी मुद्रामा)** | | |
| | अमेरिकी डलर | अमेरिकी डलर USD २०० | १.५ |
| | युरो | युरो EURO २०० | ०.७५ |
| | अन्य मुद्रामा | USD २०० बराबर | ०.७५ |
| ३ | **मुद्धती निक्षेप (स्वदेशी मुद्रामा)** | | |
| | **साधारण मुद्धती निक्षेप** | | |
| | ३ महिना देखी ३ वर्षसम्म | रु.५००० | व्यक्तिगत ६.००<br>संस्थागत ५.०० |
| | **रा.बा.बैंक विशेष मुद्धती निक्षेप** | | |
| | ३ महिना देखि १ वर्षसम्म | रु. ५० हजार | व्यक्तिगत ६.००<br>संस्थागत ५.०० |
| | १ वर्ष देखि ५ वर्षसम्म | रु. ५० हजार | व्यक्तिगत ७.२५,<br>संस्थागत ६.५०<br>संस्थागत नविकरण ६.६० |
| | **रा.बा बैंक मुद्धती निक्षेप (राष्ट्रिय गौरब आयोजना प्रभावितहरुका लागि मात्र) ३ महिना देखि २ वर्षसम्म** | रु.५००० | ७.२५ |
| | **कर्मचारी बिमा/खजान्ची जमानत** | ७.२५ | |
| | **रा.बा.बैंक अक्षयकोष मुद्धती निक्षेप ५ वर्षे** | रु. ५० हजार | ६.५० |
| ४ | **मुद्धती निक्षेप (बिदेशी मुद्रामा)** | | |
| | **१ वर्षे देखि २ वर्षसम्म** | | |
| | अमेरिकी डलर | आपसी समझदारीमा | |
| | युरो | आपसी समझदारीमा | |
| | अन्य मुद्रामा | आपसी समझदारीमा | |
| ५ | **चल्ती निक्षेप (बिदेशी मुद्रामा)** | | |
| | अमेरिकी डलर | USD ५०० | |
| | युरो | EURO ५०० | |
| | अन्य मुद्रामा | USD ५०० बराबर | |
| ६ | **कल निक्षेप (स्वदेशी मुद्रामा)** | आपसी समझदारीमा | १.५० |
| ७ | **कल निक्षेप (बिदेशी मुद्रामा)** | | |
| | अमेरिकी डलर | | १.७५ |
| | युरो | | ०.७५ |
| | अन्य मुद्रामा | | ०.७५ |
| **नोटः** | विद्यार्थी बचत खाता खोल्दा शुन्य मौज्दातमा खोल्न सकिनेछ । | | |
| | कर्मयोगी बचत खाता २० बर्ष उमेर पुगेका नेपाली नागरिकले खोल्न सक्नेछन् । | | |
| | महालक्ष्मी बचत खाता खोल्दा लकर शुल्कमा २५ प्रतिशत छुट हुनेछ । | | |
| | छूनामुना बचत खाता १८ बर्षमुनिका नावालकको नाममा मात्र खोल्न सकिने र १८ बर्ष उमेर पुगेपछी मात्र चेकबुक, ATM Card प्रदान गरिनेछ । | | |
| | *नेपाल सरकारको खोलौं बैंक खाता अभियान, २०७६ अनुसार अन्य बैंक तथा वित्तीय संस्थामा खाता नभएका व्यक्तिहरुका लागी मात्र । | | |
| | २०७६ चैत्रदेखि लकडाउन (Lockdown) अवधिभरमा Matured भएका मुद्दती निक्षेपहरुलाई ग्राहकले जुनसुकै माध्यम (Example , Email, Fax etc.) बाट नविकरण गर्न अनुरोध गरेमा बैंकले मुद्दती निक्षेप नविकरण गरिदिनेछ । | | |

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय, नेपालगजंका तपसिलमा उल्लिखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना ।

यस कूमारी बैंक लिमिटेड नेपालगजं धम्बोजी स्थित शाखा कार्यालयका तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुकान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण सांवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटडको कालो सूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सूरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा** नाम समावेश गरिने व्यहोरा यसै सूचना बाट जानकारी गराईएको छ ।

**तपसिल**

**ऋणीहरुको विवरण :**

१) हस्तबहादुर वैगारको नाती, मानबहादुर वैगारको छोरा, जिल्ला बर्दिया, गुलरीया न.पा. वडा नं. ०८ बस्ने **शुसिल कुमार बैगार** (ना.प्र.नं, २९ जारि मिति २०५७/०१/१२, जिल्ला प्रशासन कार्यालय, बर्दिया) .......१ र दोवारी थारु को छोरी, मानबहादुर बैगारको बुहारी, शुसिलकुमार बैगारको पत्नी, कपिलबस्तु जिल्ला, मोतीपुर गा.बि.स.वडा न ०९ स्थाई ठेगाना भई हाल बांके जिल्ला, कोहलपुर वडा नम्बर ०३ बस्ने **पबित्रा चौधरी**......१ समेत जना ...२ ।




२) दोवारी थारु को छोरी, मानबहादुर बैगारको बुहारी, शुसिलकुमार बैगारको पत्नी, कपिलबस्तु जिल्ला, मोतीपुर गा.बि.स. वडा न ०९ स्थाई ठेगाना भई हाल बांके जिल्ला, कोहलपुर वडा नम्बर ०३ बस्ने **पबित्रा चौधरी** ।



**धितो सुरक्षणको विवरण :**

१) ऋणी सुसील कुमार बैगारको नाममा दर्ता कायम रहेको जिल्ला बर्दिया गा.वि.स.ताराताल वडा नं. ४ स्थित कित्ता नं.३७८ को जग्गा क्षेत्रफल १९८.०९ ब.मी.जग्गा तथा सोको सम्पूर्ण लिगलगपातहरु समेत ।
२) धनी कुमारी बैंक (साविक देब बिकास बैंक) र शुसिल कुमार बैगार र पबित्रा चौधरी ऋणी कायम भई भेरी अञ्चल यातायत ब्यवस्था कार्यलयमा दर्ता रहेको ईन्जिन नं. 497TC73EUY821596 , चेसिस नं. MAT752002F8E13351 सवारी नं. भे.१ ख.२०४९ को TATA MOTERS ULTRA 34+1 ।
३. धनी कुमारी बैंक ( साविक देब बिकास बैंक) र शुसिल कुमार बैगार ऋणी कायम भई भेरी अञ्चल यातायत ब्यवस्था कार्यलयमा दर्ता रहेको ईन्जिन नं. E083924 चेसिस नं. MDHFBACD0G7307711 सवारी नं. भे.१ च. २४५६ को DATSUNREDI GO T(O)

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
नेपालगञ्ज, फोन नं. ०८१-५२८०६२/६३

## राष्ट्रिय वाणिज्य बैंक लि.
राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.
... तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था
केन्द्रीय कार्यालय

### कर्जाको ब्याजदर, २०७७ असोज ०१ (17st September, 2020) देखि लागू हुने
### कर्जाको ब्याजदर (बार्षिक)

| कर्जाका प्रकारहरु (Loan Product) | प्रिमियम दर % (Premium Rate %) |
|---|---|
| **चालुपुजी कर्जा** | |
| ओभरड्राफट* | १.२५ देखि ३.२५ |
| हाईपोथिकेशन* | १.२५ देखि ३.२५ |
| धितो कर्जा (Pledge Loan) | १.७५ देखि ३.२५ |
| **आवधिक कर्जा** | |
| औद्योगिक/व्यापारीक | १.२५ देखि ३.२५ |
| हाउजिगं/ रियल स्टेट | २.०० देखि ३.२५ |
| सून कर्जा | ३.२५ |
| सरकारी सूरक्षणपत्रको धितोमा जाने कर्जा | ०.२५ देखि १.०० (कुपन दरमा कम नहुने गरि) |
| मुद्यती रसिदको धितोमा जाने कर्जा | कुपन + २.० |
| प्राथमीकता प्राप्त क्षेत्र कर्जा | १.२५ देखि ३.०० |
| **विपन्न बर्ग कर्जा** | |
| व्यक्तिगत | १.२५ |
| **संस्थागत** | |
| थोक कर्जा | १.२५ देखि ३.२५ |
| प्रत्यक्ष कर्जा | १.२५ देखि ३.२५ |
| सहुलियत पूर्ण कर्जा | १.२५ |
| कृषि कर्जा (सहुलियत बाहेकको) | १.२५ देखि ३.२५ |
| टि.आर / आयात कर्जा | १.०० देखि २.०० |
| निर्यात कर्जा | १.०० |
| निर्यात पुनरकर्जा | ने.रा.बैंकको निर्देशानुसार |
| हायरपर्चेज कर्जा | २.५ देखि ३.२५ |
| पुनरकर्जा | १.० देखि ३.० |
| निर्माण व्यवसाय कर्जा | १.५० देखि ३.२५ |
| **घर कर्जा** | |
| ५ बर्षसम्म | १.५० देखि २.०० |
| १० बर्ष सम्म | २.०० देखि २.५० |
| १५ बर्ष सम्म | २.५० देखि ३.०० |
| **महालक्ष्मी घर कर्जा** | |
| १० बर्ष सम्म | १.५० देखि २.०० |
| १५ बर्ष सम्म | २.०० देखि २.५० |
| गाडी कर्जा | १.५० देखि ३.२५ |
| विद्युतीय सवारी साधन कर्जा | १.५० |
| पेन्सनर कर्जा | २.०० |
| पेशाकर्मी कर्जा | २.०० |
| शिक्षक कर्जा | ३.०० |
| राष्ट्रसेवक कर्जा | ३.०० |
| शैक्षिक कर्जा | २.०० देखि ३.२५ |
| शेयरको धितोमा जाने कर्जा | १.५० देखि ३.०० |
| मोर्टगेज कर्जा (Mortgage Loan) | २.०० देखि ३.२५ |
| व्यक्तिगत कर्जा | २.०० देखि ३.२५ |
| सहवित्तियकरण कर्जा | सम्झौता अनुसार |
| बैंक जमानत दावी भुक्तानीमा तत्काललागु रहेको अधिकतम ब्याजदर लाग्नेछ | |
| असार महिनाको आधार दर (Base Rate) ५.८०% | |
| ** सम्बन्धित त्रैमास भित्रै ब्याज चुक्ता गरेमा ०.५० % छुट हुने ।* | |
| *आधार दरमा उल्लेखित प्रिमियम दर जोडेर कर्जाको ब्याजदर कायम गरिनेछ ।* | |
| *आधार दर परिर्वतन भए अनुसार कर्जाको ब्याजदर पनि परिवर्तन हुनेछ ।* | |

## सम्पादकीय

कारोबार | वर्ष ११ | अंक २३७ | राष्ट्रिय संस्करण | नेपाल संवत् ११४०

कोरोना बिमाका नाउँमा बल्ल ग्रामीण तहसम्म बिमा साक्षरताको विकास भइरहँदा यसमा आइपरेका झमेलाले समग्र बिमा क्षेत्रकै सम्भावित बजार भने खुम्चाउने देखिन्छ।

# कोरोना बिमाको विवाद

नेपालमा कोभिडको महामारी सुरु नहुँदै पहिलो लकडाउनका बेला सुरु गरिएको कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी बिमा योजना सुरुवातदेखि नै विवादमा पर्दै आएको छ। वैशाख पहिलो साता बिमा समितिका अध्यक्ष चिरन्जीवी चापागाईं आफैंले कोरोनाको पहिलो बिमालेख खरिद गरी औपचारिक सुरुआत गरेको यो योजना सिद्धान्ततः गलत पृष्ठभूमिमा अघि सारिएको देखिन्छ। नेपालमा कोरोना महामारीले कुन रूप लिन्छ र कतिसम्म संक्रमित हुन्छन् भन्ने स्वास्थ्य मन्त्रालयले समेत आकलन गर्न नसकिरहेका बेला सस्तो लोकप्रियताका लागि ल्याइएको यो योजनाले अन्ततः बिमा कम्पनीलाई मात्र नभइ नियामक निकाय बिमा समिति र समग्रमा सरकारलाई नै 'निल्नु न ओकल्नु'को अवस्थामा पुऱ्याएको छ।

पछिल्लो समय बिमा दावी बढिरहेको छ भने कम्पनीहरूले कहिले निजी प्रयोगशालाको पीसीआर रिपोर्टलाई मान्यता नदिने त कहिले उपचार खर्चका आधारमा मात्र भुक्तानी दिनेजस्ता निर्णयहरू भइरहेका छन्। कुनै निर्णय सर्वसाधारणको चर्को आलोचनापछि फिर्ता पनि भइरहेका छन् भने यसअघि बिमा कम्पनीहरूले पटकपटक बिमालेख जारीमा रोक लगाएको अवस्था पनि यहाँनेर स्मरणीय छ। सुरुवातमा कोरोना भाइरस महामारीको रूपमा आएको र सानो रकमबाट संक्रमणमा परेका व्यक्तिलाई आर्थिक सहयोग होस् भन्ने उद्देश्यले बिमालेख जारी गरिएको बिमा समितिको भनाइले धेरै उत्साहित पनि भए। तर, सामान्यतया महामारीको बिमा हुँदैन भन्ने बिर्सनु नै समितिको सबैभन्दा ठूलो गल्ती थियो। महामारीबाट हुने क्षतिको आकलन गर्न नसकिने र पुनर्बिमा कम्पनीहरूले पनि यस्तो जोखिम नलिने भएकाले बिमा कम्पनीहरूले महामारीको बिमा गर्दैनन्। यही सर्वमान्य सिद्धान्तविपरीत सुरु गरिएको कोरोना बिमा लेखको दावी भुक्तानीमा विवाद भएपछि यसको सिकार समग्र बिमा क्षेत्र भएको छ। त्यसै पनि बिमा कम्पनीले भुक्तानीमा झमेला गर्ने भन्दै आलोचनमात्रै भइरहेको पृष्ठभूमिमा कोरोना बिमाले मलजल गरेको देखिन्छ।

कोरोना बिमाको अभ्यास हेर्दा आकर्षक लागे पनि आफैंमा किन गलत थियो भने सुरुवाती चरणमा कोरोना भाइरस संक्रमण पछिको उपचार सरकारले गर्दै आएको थियो र राज्यले यसलाई आफ्नो जिम्मेवारीकै रूपमा स्वीकार पनि गरेको थियो। तर, संक्रमित व्यक्तिको आर्थिक स्थितिलाई ध्यान दिएर बिमालेख जारी गरिएको लोकप्रियतावादी मनोविज्ञानको परिणाम भयावह भएको छ र यसले समग्र बिमा कम्पनीको विश्वसनियता नै संकटमा पारेको छ। यद्यपि, कोरोना बिमाले एक प्रकारको सामाजिक जागरण भने ल्याएको छ। बिमा गर्नुपर्छ भन्ने चेतनाको विकास सहरी रैथाने र कर्पोरेट हाउसमा मात्र नभइ स्थानीय तहमार्फत गाउँगाउँमा भएको देखिन्छ। तर, कोरोना बिमाका नाउँमा बल्ल ग्रामीण तहसम्म बिमा साक्षरताको विकास भइरहँदा यसमा आइपरेका झमेलाले समग्र बिमा क्षेत्रकै सम्भावित बजार भने खुम्चाउने देखिन्छ।

कोरोना बिमाको बद्नामीको दोष बिमा कम्पनी र बिमा समितिलाई मात्र जाँदैन किनकी यसलाई प्रवर्द्धन गर्ने सरकार नै थियो। बजेटमा नै घोषणा गरी सामूहिक बिमा गर्दा ५० प्रतिशत अनुदान दिने व्यवस्था घोषणा सरकारले नै गरेको हो भने जब संक्रमण समुदायस्तरमा बढ्दै गयो र बिमा दाबी पनि सोही अनुपातमा बढ्न थाल्यो तब एकपछि अर्को सर्त राख्न थालिएको छ। कतिपय कम्पनीले त बिमालेख जारी गर्न नै बन्द गरिसकेको अवस्था पनि छ। यसरी मूलतः बिमा समितिले बिमालेख सुरु गर्ने बेलामा नै पर्याप्त अध्ययन नै नगरेको र सस्तो लोकप्रियता खोज्दा तथा सरकारले पनि यसलाई मलजल गर्दा अहिले भने समस्या आएको देख्न सकिन्छ।

**अवधारणा** नेपालले आफ्नो आन्तरिक उत्पादन र अर्थतन्त्र बलियो नबनाएसम्म डब्लूटीओबाट नेपालले कुनै फाइदा लिन नसक्ने देखिन्छ।

# विश्व व्यापार संगठनः नेपालका लागि कम फलदायी




सबैभन्दा पछि विश्व व्यापार संगठनको सदस्यता अफगानीस्तानसहित १ सय ६४ पुगेको छ। यमनको सदस्यतापछि संगठनमा एलडीसी देशको संख्या ३५ पुगेको थियो। मन्त्रीस्तरीय नवौं सम्मेलनसम्म एलडीसीको अध्यक्षता नेपालको रहेकोमा त्यसपछि कार्यभार युगान्डालाई सुम्पिएको थियो। सन् २००४ अप्रिल २३ अर्थात् २०६१ साल वैशाख ११ गतेदेखि नेपाल आधिकारिक रूपमा विश्व व्यापार संगठनको १ सय ४७ औं सदस्य राष्ट्र भयो। विश्व व्यापार संगठनको नवौं वाणिज्यस्तरीय विश्व सम्मेलन इन्डोनेसियामा र दसौं अफ्रिकामा सम्पन्न भएको थियो। निकै नयाँ अपेक्षा गरिए पनि यी सम्मेलनका उस्तै-उस्तै एजेन्डा थिए। २०१७ मा एघारौं सम्मेलन अर्जेन्टिनामा भएको र बाऱ्हौं सम्मेलन काजखस्तानमा २०२० मा हुने भनिएको छ।

विकासोन्मुख देशको हित समेटिएको दोहा विकास एजेन्डा (डीडीए) पूरै कार्यान्वयन नभए पनि छलफलको विषय यी सम्मेलनहरूमा रहन गयो, जसमा व्यापार सहजीकरण विषय पनि

**डा. सुमनकुमार रेग्मी**



थिए। उक्त प्याकेज कार्यान्वयन भए अन्तर्राष्ट्रिय व्यापारमा वार्षिक १० खर्ब डलर बचत हुने बताइएको थियो। यस्ता सम्मेलनमा एलडीसीलाई व्यापार सहजीकरणको विषय समेटिएको पनि बताइएको थियो। यसमा भन्सार सहजीकरणको विषय पनि समेटिएको थियो। अर्को विषयमा एलडीसीलाई विकसित देशहरूमा भन्सार र कोटारहित सुविधा दिइनु नै थियो। यस्तो सुविधा ईयूलगायतका देशले नेपाललगायत अरू देशहरूलाई पहिले नै दिइसकेका छन्। यस्तै एलडीसीलाई विशेष र फरक व्यवहार गर्नुपर्ने विषय पनि सम्मेलनमा समावेश गरिँदै आएको थियो। यी यस्ता मुद्दा कार्यान्वयन भए विश्व अर्थतन्त्रमा साढे ९ खर्ब लगानी र २ करोड जागिर थपिने अनुमान पेस भएको थियो। अन्तिम विषय जसमा कृषिजन्य उत्पादनको निर्यातमा दिइँदै आएको सहुलियतको विषय थियो। यसमा १२-१५ वर्षमा पनि प्रगति हुन नसकेकोमा कमै आशा राखिएको थियो। समग्रमा सम्मेलनमा एलडीसीको मुद्दामा बढी जोड दिइँदै आएको छ।

यस्ता सम्मेलनमा विश्वका एलडीसीले ४ बुँदे बाली घोषणापत्र अनुमोदन गर्दै आएका छन्। ४९ एलडीसीले भन्सार तथा कोटारहित बजार पहुँच, कटन, सेवा व्यापारमा छुट र सहुलियतपूर्ण उत्पत्तिको नियम सरलीकृत गर्ने विषय पास गरे पनि विकसित देशले कार्यान्वयनमा ल्याउँदैनन्। यी एलडीसीहरूले आफूले पाउनुपर्ने अधिकार स्थापित गर्न एलडीसीका समूहले एक आवाज उठाउनु जरुरी छ।

संगठनको यस्ता सम्मेलनमा नेपालको अर्थमन्त्री तथा वाणिज्य मन्त्रीले भाग लिँदै आएका छन्, तर नेपालको आर्थिक वृद्धि वर्षौं बित्दा पनि अगाडि बढ्दैन। सम्मेलनकै दौरानमा नेपालका पदाधीकारीहरूको विभिन्न देशका मन्त्रीहरूसँग द्विपक्षीय र बहुपक्षीय भेटघाट गर्दै आएका छन्, तर ती फगत हुँदै आएका छन्। भेटघाटका अवसरमा विश्व व्यापार संगठनको भविष्य र अति कम विकसित देशले खेल्न सक्ने भूमिकाका साथै विकसित तथा कम विकसित देशहरूका सन्दर्भमा विभिन्न देशले उठाएको विषयमा समान धारणा नभई अरू आदि विषयमा छलफल हुँदै आएको छ।

यस्ता सम्मेलनमा एसियाली देशका तर्फबाट डब्लूटीओ समक्ष राखेको खाद्य सुरक्षाको प्रस्तावलाई स्वीकार गरेको देखिँदैन। खाद्यान्नमा अनुदान दिइने प्रस्तावलाई असर गर्न नहुने व्यक्त गरिन्छ। विश्वका ४ अर्ब जनताका लागि खाद्यान्न सुरक्षा अति आवश्यक रहेको देखियो, तर संगठनको प्रस्तावमा संगठन अडिग रहेको विचार व्यक्त गरिँदै आएको छ। विगत १२ वर्षभन्दा अघिदेखि बहुपक्षीय यस संगठनले व्यापारका बाधा हटाउन प्रयास गरिरहेको छ। संगठनले कृषि उत्पादनको १० प्रतिशतभन्दा बढी अनुदान दिन नपाउने व्यवस्था गर्न खोजिँदै आएको छ, तर त्यसले एसियाली गरिब जनतालाई खुवाउने प्रयासमा बाधा उत्पन्न हुन जाने आशंका रहेको छ। बाली सम्झौतामा यस्ता देशलाई यस्तो अनुदानका लागि चार वर्षको समय दिने व्यवस्था गर्न खोजिएको छ। संगठनको मन्त्रीस्तरीय सम्मेलनमा धनी र गरिब देशका लागि उचित व्यापारिक वातावरण तयार गर्ने संगठनको दृष्टिकोण रहिआएको छ। यस संगठनले सन् २००१ मा कतारमा दोहा चरण सुरु गरेको थियो। वासिङ्टनले दोहा चरणको विकल्पका रूपमा १२ देशयुक्त अन्तर-प्रशान्त साझेदारी अगाडी बढाएको देखिन्छ। यसले विश्व व्यापार संगठनलाई कमजोर बनाउने विश्वास गरिएको छ।

विगतका सम्मेलनले एक व्यापार सम्झौतालाई स्वीकृति दिएको थियो। यस सम्झौताले संगठन तथा विश्व अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्ने भनिएको थियो। तर, यो सम्झौता दोहा सम्झौताभन्दा कमजोर ठानियो। तैपनि यो सम्झौता सन् १९९५ पछिको अर्को विश्वव्यापी सम्झौता मानियो। यस सम्झौताले भन्सार प्रक्रियालाई सरल बनाउँदै व्यापार सहयोग गर्ने वचनबद्धता गरेको देखिन्छ। यसले विश्वमा अर्थतन्त्रमा १ हजार अर्ब व्यापार बढ्ने दाबी गरिएको थियो।

समयावधिबीच हुने सम्मेलनमा आदानप्रदान गरिएका विचारहरूले संगठनलाई दोहा चरणका विषयलाई जस्तै वास्तविक प्रगति गर्न कठिन हुने महसुस गरिँदै आएको देखिन्छ। कसैले त पछिल्ला सम्मेलनमा लिइएको निर्णयले दोहा चरण अन्त्य भएको कुरा बताए। विश्वव्यापी सम्झौताका रूपमा वैकल्पिक क्षेत्रीय सम्झौतामार्फत विश्व व्यापार संगठनले काम गर्न नसक्ने बताइँदै आएको छ। दोहा चरणमा गरिब तथा धनी देशका लागि उचित व्यापार नियम तथा विश्वव्यापी रूपमा लागू हुने संरचना स्थापना गर्ने तथा व्यापारमा रहेका बाधा हटाउने लक्ष्य राखिएको थियो, तर त्यो बेला १ सय ५९ सदस्य देशमा रहेको संरक्षणवादी विवादले दोहा सम्झौतालाई सफल हुन दिएको थिएन। हाल संगठनका १ सय ६४ सदस्य छन्। बाली सम्मेलन असफल भएमा संगठनको सम्मानमा आघात पुग्ने धारणा कसैले राख्दै आएका छन् भने कसैले ठूला व्यापारिक देश तथा ठूला व्यापारिक वस्तुमा वार्ता गर्न कत्तिको कठिन हुँदै आएको बताउँछन्। आफैंले पनि आफ्ना किसानलाई ठूलै रूपमा सहयोग गर्ने अमेरिका तथा अन्य देशले एसियाली देशका खाद्यान्न नीतिले विश्व व्यापार संगठनको अनुदान नीतिलाई उल्लंघन गर्ने कसैले बताए। उनीहरूले यी खाद्यान्न बजारमा आउने छैनन् र मूल्यलाई प्रभावित बनाउने छैनन् भन्ने आश्वासन चाहेका थिए।

विगतका सम्मेलनहरू व्यापार सहजीकरणका लागि डब्लूटीओ स्थापनायताकै पहिलो सम्झौता भए पनि नेपालको लागि भने फलदायक रहेको देखिएन। एसियाली देशले कृषि र खाद्यसुरक्षाका नाममा दिइरहेका अनुदान केही वर्षसम्म हटाउन नपर्ने गरी भएको सम्झौताले नेपाली किसानलाई बजारको समस्या हुने देखिएको छ। एसियाली देशमा अनुदान कायमै रहने तर नेपालले त्यसलाई सामञ्जस्य हुने गरी काम गर्न नसक्ने अवस्थामा नेपाललाई फाइदाभन्दा बेफाइदा बढी हुँदै आउने देखिएको छ। सम्पन्न विगतका मन्त्रीस्तरीय सम्मेलनहरूले व्यापार सहजीकरण, भन्सार र कोटारहित बजार पहुँच, विकसित देशको कृषिमा अनुदानलगायत विषयमा सम्झौता गरे पनि विवादास्पद खाद्य सुरक्षा र न्यूनतम समर्थन मूल्य भने कायमले नेपाललाई त्यति फाइदा हुँदैन।

एसियाली देशले कृषिमा वार्षिक करिब डेढ लाख करोडभन्दा बढी रुपैयाँ अनुदान दिइरहेको छ। यससँगै यी देशले कृषि उत्पादन न्यूनतम तोकेकाले किनिएकाले किसानले अनुदान पाउने हुँदा उत्पादन लागत कम हुन्छ। हुन त यी देशले यसरी उत्पादित कृषि वस्तु निर्यात नगर्ने भनिएको छ। तर, नेपालको कमजोर अर्थतन्त्र खुला भएका कारण सस्तो उत्पादन सजिलै नेपाल आउने मात्र नभई नेपालको महँगो उपज बाह्य बजारमा निर्यात हुने सम्भावना पनि रहँदैन। दशकभन्दा बढी अगाडिदेखि अल्झिरहेको दोहा विकास एजेन्डालाई केही हदसम्म भए पनि अगाडि बढाउन सम्झौता गरिए पनि एलडीसीलाई कुनै सकारात्मक प्रभाव नपर्ने कसैको भनाइ छ।

द्विपक्षीय व्यापार सम्झौतालाई परिमार्जन गरेर एसियाली देशसँग थप सहुलियत मागेमा नेपाललाई फाइदा हुन सक्छ। नेपाल र द्विपक्षीय व्यापार सन्धिअनुसार कृषिजन्य उत्पादनमा दुवैतर्फ भन्सार नलाग्ने व्यवस्था गरिएको छ।

विगतका मन्त्रीस्तरीय बाली सम्मेलनमा सम्पन्न सम्झौतामा धनी देशमा एलडीसीका उत्पादनको भन्सार र कोटारहित पहुँच, भन्सार बिन्दु र व्यापारका अन्य माध्यम सजिलो बनाउने र व्यापारका लागि सहायता कार्यक्रमलाई पनि सम्झौतामा समेट्ने प्रयास गरिए पनि ती पछिल्ला सम्मेलनसम्म पनि कार्यान्वयनमा आएका छैनन्। नेपालले युरोप र एसियाली देशमा समेत भोग्दै आएको गैरभन्सार अवरोधका विषयलाई भने विगतको बाली सम्झौताले सम्बोधन गरेको छैन। तसर्थ नेपालको कृषि उत्पादनको मुख्य समस्या बाँकी रहँदा निर्यात बढ्ने सम्भावना कम हुने देखिन्छ। विशेष गरी कृषि उपजमा लाग्ने गरेको गैरभन्सार अवरोध नहट्दा प्रविधिको अभाव रहेका नेपालजस्तो देश लाभान्वित नहुने तर्क केहीको छ। नेपालको निर्यातमा भारतको हिस्सा करिब ६५ र समुद्रपारको जम्मा ३५ प्रतिशत रहँदै आएको छ। तुलनात्मक लाभका वस्तु भनी करिब केही मात्र कृषिजन्य उत्पादनको पहिचान गरेको छ। तर, तिनका निर्यातमा गुणस्तर मुख्य बाधक बनेको छ।

एलडीसीका उत्पादनलाई भन्साररहित पहुँच दिने विषयमा अमेरिका सहमति भईसकेको छैन्। यद्यपि डब्लूटीओका दोहा विकास एजेन्डामा समेटिएको छ। भन्साररहित पहुँचलाई छोएर मात्रै सम्झौता भएको देखिन्छ। डब्लूटीओको सन् २००५ मा हङकङमा सम्पन्न बैठकमा पनि ९७ प्रतिशत उत्पादनलाई भन्साररहित पहुँच दिने भनिए पनि अझै २०२० आउँदा कार्यान्वयन हुन नसक्नुले गरिब देश उत्साही भइहाल्ने अवस्था नभएको देखिन्छ। तर, विकसित देशका लागि संगठन विकसित देशहरूबीच बाँडीचुडी खाने बर्थडे केकजस्तो भएको छ।

दोहा प्याकेजमा डब्लूटीओको सेवा क्षेत्रअन्तर्गत मोड-४ लाई कार्यान्वयन पनि गर्ने विषय समेटिएकाले मध्यपूर्व-मलेसियाजस्तै युरोप-अमेरिकामा पनि नेपालजस्ता देशका कामदार काम गर्ने वातावरण सिर्जना हुन सक्छ, तर बाली सम्झौतामा यस्तो सहमति भएको देखिँदैन। सदस्य देशका वाणिज्यमन्त्रीका सहभागिता हुने मन्त्रीस्तरीय बैठक डब्लूटीओको सर्वोच्च निकाय रहिआएको छ। यसको बैठक प्रत्येक दुई वर्षमा एकपटक बस्ने प्रावधान छ। नेपालले आफ्नो आन्तरिक उत्पादन र अर्थतन्त्र बलियो नबनाएसम्म डब्लूटीओबाट नेपालले कुनै फाइदा लिन नसक्ने देखिन्छ।

## कारोबार सञ्जाल

follow us on Twitter @karobar_daily



हजारको एउटा नोट देख्नै नहुने, अर्बको चाङ देख्नै नसक्ने। लुरेलारेको हात समाएर हतकडी लाउने, ठूलाबडाको खुट्टा समाएर आचमन गर्ने। हाम्रो अख्तियार!

*–देवेन्द्र कोइराला*



बयलगाडा चढेर अमेरिका पुगिँदैन भनेर गणतन्त्रको खिसिटिउरी गर्ने उही ओलीलाई गणतन्त्रको साँचो सुम्पिएर नतिजा सुखद खोज्नु हाम्रै मुर्खता हो।

*–आनन्द अधिकारी*



प्रिय गोविन्द केसी, फेरी भन्छु, अनसन त्याग्नुस्! मलाई तपाईंप्रति हैन, यो शासकप्रति एकरत्ति विश्वास छैन। म गलत हुनभन्दा अघि तपाईं बाँच्नुस्! टैगोरले गान्धीलाई गाली गर्थे रे, नैतिक दबाव दिइस् भनेर। म जनताले पनि यसै भन्छु है।

*–डा. रामेश कोइराला*
**@RaameshKoirala**



धेरै भन्दा-भन्दा, सुन्दा-सुन्दा वाक्क दिक्क लागे पनि, जीवन त अमूल्य छ है। यो सब काम, कमाई सब जीवन जिउन सजिलो होस् भनेरै हो। ति काम पनि महत्वपूर्ण छन् तर आफ्नो र आफ्नाको लागि भए पनि सुरक्षित बसौं।

*–डा. लुना भट्ट शर्मा*
**@Lunabs8**

## अर्थसूक्ति

कम्युनिज्मको सिद्धान्तलाई एउटै वाक्यमा संक्षेपमा भन्न सकिन्छ : निजी सम्पत्तिको समाप्ति।

*– कार्ल मार्क्स*

## विविधा

# विकासको नाममा

विकास-निर्माणका आयोजनाहरू सम्पन्न नहुँदै राज्यबाट हुने रकम विनियोजन गर्ने परिपाटीले विकास बजेटको चरम दुरुपयोग हुने गरेको छ। आवश्यकताको गहिरो अध्ययन, अनुसन्धान नै नगरी आयोजनाहरूमा रकम छुट्ट्याउने परिपाटीका कारण लक्षित वर्ग तथा समुदाय सेवाबाट वञ्चित हुन पुगेका छन्। यिनीहरू सेवाबाट वञ्चित भए पनि विकासका नाममा बह्मलुट गर्न पल्किएकाहरू रकम विनियोजन गरी आरामले बसेको पाइन्छ। यसरी विकास-निर्माणका कार्यहरू सम्पन्न नगरी आएको बजेट अर्कैतिर खर्च गर्न पल्केकाहरूको पहिचान गरी कानुनी कारबाही नभएसम्म यस्ता गतिविधि अझै मौलाउँदै जाने देखिन्छ। यस्ता गतिविधि निश्चित ठाउँमा मात्र नभई देशका अधिकांश ठाउँहरूमा जरा गाडेर बसेको देखिन्छ।

विकास-निर्माण कार्य समयमै सम्पन्न नगर्दा हिमाली तथा पहाडी क्षेत्रमा भूक्षय, बाढी, पहिरो तथा तराई क्षेत्रमा हुने डुबानले अति प्रभावित बनाएको छ। राज्यले विकास निर्माणका लागि पर्याप्त रकम विनियोजन गरे तापनि स्थानीय तहसम्म विकासले तीव्रता नपाउनुको मुख्य कारण ठेक्कापट्टा तथा कमिसनको चक्करलाई लिन सकिन्छ। वर्षैपिच्छे विकास-निर्माणको नाममा बजेट विनियोजन हुँदा पनि परिणाम आउन नसक्नु, हुँदै गरेका कामहरूले तीव्रता नपाउनु तथा ठेक्कापट्टाको नाममा राजनीति गर्ने परिपाटीले विकास-निर्माणका कार्यहरू अधुरै रहेको देखिन्छ। त्यस्तै ठेक्कापट्टा तथा कमिसनको चक्करमा बिनाअध्ययन-अनुसन्धान तथा योजना तर्जुमा नगरी हचुवाको भरमा रकम विनियोजन गर्ने परिपाटीले पनि निश्चित ठाउँ तथा समुदाय सेवाबाट वञ्चित रहेको पाइन्छ।

यस्ता गतिविधि खुलेयाम भइरहेको अवस्थामा पनि राज्य तथा सम्बधित निकायबाट प्रभावकारी रूपमा अनुगमन, निरीक्षण नभएको पाउँछौं। जनताको आँखामा छारो हाली कतिपय ठाउँमा नक्कली उपभोक्ता समिति गठन गरी काम गरेको जस्तो देखाउने र भत्ता तथा कमिसन पचाउने गरेको थुप्रै उदाहरण देख्न-सुन्न सक्छौं। त्यस्तै राज्य संघीय संरचनामा गएपछि स्थानीय सरकारबाट सञ्चालन भएका विकास-निर्माणका कार्यहरू अधुरै रहेको छ। केन्द्र सरकारबाट प्राप्त रकमलाई जसरी भए पनि सक्ने परिपाटीले कतिपय आयोजना काम नलाग्ने स्थितिमा पुगेको पाइन्छ। स्थानीय तहमा हुने राजनीतिक खिचातानी, राम्रो काम हुँदैछ भने खुट्टा तान्ने प्रवृत्ति, समन्वयको अभावजस्ता कुराहरूले विकास-निर्माणका कार्यहरूमा अवरोध सिर्जना भएको दखिन्छ। त्यस्तै पछिल्लो समय विकास-निर्माणको ठेक्कापट्टा आफ्नो मातहतका आफन्त वा आसेपासेहरूलाई दिने प्रवृत्ति बढेको छ। यस्तो प्रवृत्तिको समयमै निरुत्साहित गरी विकास-निर्माणको आवश्यकता पहिचान गरेर ठेक्कापट्टाको काम सम्बधित विज्ञ व्यक्तिलाई दिनुपर्छ।

यसरी विकासको नाममा हुने बह्मलुटको अन्त्य गर्न अबका दिनहरूमा राज्यपक्ष तथा सम्बधित निकायहरूले विकास-निर्माणमा खर्चिने रकम आवश्यकताको पहिचान गरेर मात्रै रकम छुट्ट्याउनुपर्छ। कुनै पनि आयोजना सुरु भएपछि सम्बधित निकायहरूबाट समय-समयमा अवलोकन गर्ने, बेलाबेलामा आयोजनाको प्रगति विवरणहरू पेस गर्न लगाउने, काम गर्दा गुणस्तरको पहिचान गर्ने तथा काम पूर्ण रूपमा सम्पन्न भएको छ/छैन, अनुगमन गरेर मात्रै रकम विनियोजन गर्ने पद्धतिलाई स्थापित गर्नुपर्छ।

*–ज्योति खतिवडा*

**टिप्पणी** विश्वव्यापी रूपमा कोरोनाको सन्त्रासले महामारीको रूप लिएको छ, जसले गर्दा संसारभरि सन्त्रास बनिरहेको कोरोना महामारीले सबैलाई च्याप्दैछ।

# कोरोनाको महामारीमा बेरोजगारी

हाम्रो देशमा प्रत्येक वर्ष काम गर्ने उमेर पुगेर बजारमा श्रम गर्ने ठाउँ खोज्न निस्कने जनसंख्या झन्डै ५ लाख रहेको अनुमान गरिएको छ। तर, देशसँग यसको एकचौथाइलाई पनि सहज ढंगले रोजगारी उपलब्ध गराउने आर्थिक गतिविधि छैन। पछिल्लो समय अपनाइएको बजारमैत्री आर्थिक नीति अर्थात् उदारीकरणका कारण सेवा क्षेत्रमा रोजगारीका अवसर बढेको भए पनि त्यसले कुल आर्थिक कारोबार र गार्हस्थ्य उत्पादनमा दिने योगदानका तुलनामा सिर्जना गर्ने रोजगारीको दर निकै कम छ। मूलतः कृषि

**विश्वनाथ खरेल**



क्षेत्रले अहिले नै रोजगारीका अतिरिक्त भार खेपिरहेको छ। कुल गार्हस्थ्य उत्पादनमा जम्मा ३२ प्रतिशत योगदान रहेको कृषि क्षेत्रले कुल रोजगारीको ६४ प्रतिशत भार बेहोरिरहेकाले कृषिमा संलग्न परिवारको आर्थिक अवस्था कमजोर छ भन्ने स्वतः देखिन्छ। यता, अर्थतन्त्रमा ५० प्रतिशतभन्दा बढी योगदान गर्ने सेवा क्षेत्रमा रोजगारीको २५ प्रतिशत पनि योगदान छैन। यसर्थ मुलुकको औद्योगिक विकासमा झन्-झन् कमजोर हुँदै गएको सम्बन्धित क्षेत्रका विज्ञहरूले अनुमान गरेका छन्। यसमा विश्व बजारसँगको प्रतिस्पर्धामा टिक्न नसकेर भएका कतिपय उद्योग पनि बन्द हुँदै गएका छन् भने नयाँ उद्योगका रूपमा जति पनि आएका छन्, तिनमा पार्टपुर्जा ल्याएर जोडजाड पार्ने एसेम्ब्लिङ उद्योगको संख्या बढी छ। यस्ता उद्योगले रोजगारी एकदम कम मात्र सिर्जना गर्छन्। यसले गर्दा पनि देशमा काम गर्ने उमेर भएर, अदक्ष, अर्धदक्ष र दक्ष श्रमिकहरू, जो बजारमा कामको खोजीमा आउँछन्, तिनले सहज रूपमा काम पाइरहेका हुँदैनन्। यसको प्रतिबिम्ब थोरै संख्यामा खुलेका जागिरमा पर्ने आवेदनहरूले पनि बारम्बार देखाएका छन्। कुनै पनि देशमा बेरोजगारी दर बढ्नु गलत आर्थिक नीतिको प्रतिफल हो। मुलुकमा लामो समयदेखि आर्थिक क्रियाकलापमा सुस्तता आएको छ। अपितु सरकारले आफ्नो विकास बजेटसमेत राम्रोसँग खर्च गर्न सकेको स्थिति पनि छैन।

नेपालीहरूले विदेश या स्वदेशबाट कमाएका पैसाहरूबाट बचत भएको रकम अनुत्पादक क्षेत्रमा खर्च गर्ने क्रम बढ्दो छ। यसमा खासगरी घरजग्गा खरिद र उपभोग्य वस्तुमा बढी खर्च गर्ने, बचत कम गर्ने तथा उद्योगधन्दामा कम लगानी गर्नाले पनि रोजगारी सिर्जना हुन सकेको छैन्। नेपालको छिमेकी देश भारतमा करिब २ सय वर्षदेखि नेपालीको रोजगारीको मुख्य गन्तव्य भारत रहिआएकोमा पछिल्लो समय खाडी क्षेत्रका देश र मलेसिया तथा कोरियासमेत यसमा थपिएका छन्। तर, ती गन्तव्य कठिन श्रमका क्षेत्र हुन्। यसैले पनि युवाहरू सकेसम्म देशभित्रै रोजगारी खोज्न प्रेरित हुन्छन्। सरकारी जागिर त्यसमध्येको सहज गन्तव्य हुने नै भयो। काम गर्ने उमेर समूहका श्रम बजारमा प्रवेश गर्नेहरूलाई कसरी देशको श्रमबजारमा समाहित गर्न सकिन्छ भनेर नीतिगत हस्तक्षेप गर्न ढिलो गर्न हुँदैन। यसले सामाजिक असन्तुष्टिको विकराल स्वरूप ग्रहण नगर्दै नीति निर्माण तहमा बस्ने अधिकारीहरूले सोच्न, विचार गर्न ढिला भइसकेको छ।

हाम्रो देशमा विगतका वर्षहरूलाई अध्ययन गर्ने हो भने बेरोजगारीको संख्या अत्यधिक बढेको छ। मुलुकको १२ वर्षअघि सन् २००८ मा २.८ प्रतिशत रहेको बेरोजगारी संख्या दर बढेर अहिले अर्थात् पछिल्लो समयमा ११.४ प्रतिशत पुगेको छ। यसलाई केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको श्रमशक्ति सर्वेक्षण-२०१९ अनुसार पुगेको घोषणा गरेको थियो। नेपाल सरकारको तथ्यांक विभागले सार्वजनिक गरेको श्रमशक्ति सर्वेक्षणअनुसार अहिले मुलुकमा ९ लाख ८ हजार नेपाली बेरोजगार छन्, जसमध्ये ५ लाख ११ हजार पुरुष र ३ लाख ९७ हजार जना महिला रहेका छन्। यी बेरोजगारहरूमध्ये हाल श्रम बजारमा ८० लाख नेपाली उपलब्ध छन्। यसका साथसाथै बेरोजगारीको दर सन् १९९८ मा जम्मा १.९ प्रतिशत मात्र थियो। देशमा १५ वर्षभन्दा बढी उमेरका २ करोड ७ लाख ४४ हजार जनसंख्या छ, जसमध्ये ७९ लाख ९४ हजारको संख्यामा श्रमशक्ति बजारमा उपलब्ध रहेको अनुमान छ। यीमध्ये करिब ४३ लाख वैदेशिक रोजगारीमा रहेको तथ्यांक छ। बाँकी श्रमशक्तिबाट मुलुकमा रोजगारी पाएका ६२.२ प्रतिशत अनौपचारिक क्षेत्रमा कार्यरत छन्। तसर्थ केन्द्रीय तथ्यांक विभागका अनुसार श्रमशक्तिभन्दा बाहिरको संख्या १ करोड २७ लाख ५० हजार रहेको छ। त्यसमध्ये ८५ लाख महिला र ४२ लाख ५० हजार पुरुष छन्। अतः मुलुकमा ७० लाख ८६ हजार रोजगारीमध्ये २५ लाख ४० हजार महिला र ४४ लाख ४६ हजार पुरुष छन्।

विश्वव्यापी रूपमा कोरोनाको सन्त्रासले महामारीको रूप लिएको छ, जसले गर्दा संसारभरि सन्त्रास बनिरहेको कोरोना महामारीले सबैलाई च्याप्दैछ। यसमा नेपाल पनि अछुतो रहन सकेको छैन्। आम मानवजीवन र सभ्यतामाथि धावा बोलिरहेको यस प्रकोपको हालसम्म ब्रह्माण्डभरिका धेरै विज्ञान र वैज्ञानिकहरू अहोरात्र खटिए पनि कुनै पनि वैज्ञानिक औषधि तथा उपचार पद्धति भने अहिलेसम्म प्रमाणित हुन सकेको छैन। तथ्यांकलाई अवलोकन गर्ने हो भने सबैभन्दा बढी ज्यान गुमाउनेमा ४१ देखि ६० वर्ष उमेर समूहका ७१ जनाको मृत्यु भएको छ। त्यस्तै, १९ वर्षदेखि ४० वर्ष उमेर समूहका २९ जनाको मृत्यु भएको छ र बाँकी ९५ जना भने विभिन्न उमेर समूहमा परेका छन्। यही रफ्तारमा कोरोनाको संक्रमण बढ्ने हो भने देशको स्वास्थ्य पूर्वाधारले नधान्ने निश्चितप्रायः छ। यसकारण सरकारले सम्भावित जोखिमलाई ख्याल राखेर पूर्वाधारहरूको जोहो गर्न ढिलो भइसक्यो। अरू देशहरूको अस्पताल उपचार पद्धति र पूर्वाधार राम्रो भएकैले वृद्धावृद्धाहरू, अरू जोखिममा भएकाहरूको पनि जीवन जोगिएको छ। तर, यस्तो किसिमको स्थिति हाम्रो देशमा हुन सकिरहेको अवस्था भने छैन्। यसर्थ ज्यान गुमाएकामध्ये धेरैमा कोरोना भाइरससम्बन्धी नै जटिलता पाउनु, देशमा निको हुने दर दक्षिण एसियामै कम हुनु र समूहगत परीक्षण नगरी निषेधाज्ञाको एक साता बितिसकेको र अर्को साता पनि सुरु भइसकेको अवस्था छ। हाल देशको कुल मृत्युदर अन्यत्रको जस्तै ०.५ प्रतिशत छ। विश्वभर झन्डै ४.७, अमेरिकाको ५, भारतको २.३५, श्रीलंकाको ०.४ हुँदा नेपालको झन्डै १ प्रतिशत छ। यस्तै निको हुने दर पनि नेपालको दक्षिण एसियामै कम छ।

# पहिरोपीडित पुनःस्थापना योजना बनाउन समिति गठन

कारोबार संवाददाता

काठमाडौं, ३० भदौ

पहिरो पीडितको पुनःस्थापना र स्थानान्तरणको कार्ययोजना बनाउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अनिल पोखेलको संयोजकत्वमा एक समिति गठन गरिएको छ।

सिन्धुपाल्चोक लगायतका जिल्लामा पहिरोको जोखिम रहेका बस्तीको भौगर्भिक अध्ययन, पहिरो तथा बाढीबाट विस्थापितको पुनःस्थापना र आगामी दिनमा जोखिमन्यूनीकरणका लागि गर्नुपने समन्वयलगायतका कार्यबारे बृहत् छलफलपछि समिति गठन गरिएको हो । छलफलमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीको अध्यक्षतामा भर्चुअल माध्यमबाट भएको छलफलमा विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन, भू-संरक्षण तथा आवाससँग सम्बन्धित सरकारी निकायका प्रमुख तथा प्रतिनिधि, सिन्धुपाल्चोकका जनप्रतिनिधि एवं विषयगत क्षेत्रका विज्ञको सहभागिता थियो।

समितिमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सम्बन्धित सहसचिव, सिँचाइ विभागका उपमहानिर्देशक, वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक, सहरी विकास तथा भवन निर्माण विभागका उपमहानिदेशक, जल तथा मौसम विज्ञान विभागका उपमहानिर्देशक, राष्ट्रिय विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सम्बन्धित सहसचिव, सिन्धुपाल्चोक जिल्ला समन्वय समिति प्रमुख, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयका प्रतिनिधि एवं सिन्धुपाल्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी रहेका छन्।

समितिले १५ दिनभित्र जोखिम बस्तीको पहिचान गर्नेछ भने संरक्षण गर्न सकिने बस्तीका लागि संरक्षणसम्बन्धी कार्ययोजना बनाउनेछ। त्यसैगरी, बस्ती स्थानान्तरण गर्नुपने भए सुरक्षित स्थानसहित त्यसको कार्यतालिका र कार्ययोजना पनि प्रस्ताव गर्नेछ। साथै, त्यसका लागि आवश्यक बजेट एवं त्यसको स्रोत, जनशक्ति, विद्यमान कानुनी व्यवस्था र एकीकृत प्राविधिक निर्देशिका पनि तयार गर्नेछ।

त्यस्तै, समितिले यसका लागि संविधानमा तोकिएको तहगत सरकारको जिम्मेवारीका आधारमा कार्य विभाजन गर्न पनि सिफारिस गर्नेछ। भदौ पहिलो साता मन्त्रिपरिषद्ले हालैका बाढी तथा पहिरोबाट विस्थापित बस्तीको स्थानान्तरणको काम गृह मन्त्रालयको संयोजनमा सहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गर्ने निर्णय गरेकाले त्यसका लागि प्रष्ट कार्ययोजना सम्बन्धमा पनि सुझाव दिनेछ। समितिले तयार गरेको यस्तो एकीकृत कार्ययोजना राष्ट्रिय विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी समितिको बैठकमा प्रस्तुत हुनेछ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले प्राकृतिक प्रकोपसँग जोडिएका क्षेत्रमा काम गर्ने निकायबीच बृहत् समन्वयको आवश्यकता देखिएकाले छलफल आयोजना गरिएको बताए। सहरी विकास मन्त्रालयका सचिव मधुसूदन अधिकारीले राष्ट्रिय विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद् हेर्ने विभिन्न सरकारी निकाय एवं तहगत सरकारबीच बृहत् समन्वय गर्नु उपयुक्त हुने धारणा राखेका थिए।

# भेडेटारका होटल व्यवसायीले भोलिदेखि होटल सञ्चालन गर्ने

धनकुटा, ३० भदौ (कास): सरकारले कोरोना भाइरस संक्रमण कम गर्न भन्दै लकडाउन गरेसँगै बाह्य पर्यटकको आगमन ठप्प भएपछि भेडेटारका होटल व्यवसायीले व्यवसाय सञ्चालन गर्न माग गर्दै धनकुटा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय धनकुटा र सरोकारवाला निकायमा ज्ञापन पत्र बुझाएका छन्।



लामो समयको लकडाउनका कारण होटल व्यवसायी धरासायी बन्दै गएको र अब अझै होटल बन्द गररे बसी रहने अवस्था नरहेकाले होटल व्यवसाय तथा यातायत पूर्णरूपमा सञ्चालन गर्ने वातावरण बनाई दिन माग गर्दै ज्ञापन पत्र बुझाएको भेडेटार होटल एसोसिसनका अध्यक्ष जितेन्द्ररुम्दाली राईले जानकारी दिए। हरेक साल गर्मी मौसमसँगै अन्य समयसमेत यस क्षेत्रका होटल तथा पर्यटकीय क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकले खचाखच हुने गर्दथे तर अहिले यहाँका होटल ६ महिनादेखि बन्द छन् भने नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै होटलमा लगानी बढाएका यहाँका व्यवसायीलाई करोडौं रुपैया घाटा भएको अध्यक्ष राईको भनाइ छ।

यहाँका व्यावसायीहरुले भ्रमण वर्ष लक्षित गर्दै सञ्चालनमा ल्याउने भनेका धरै कार्यक्रम स्थगित गरिसकेका छन्। सरकारले होटल सञ्चालन गर्न अनुमति नदिए पनि असोज १ देखि आफै सुरक्षा विधि अवलम्बन गरी होटल व्यवसाय पूर्णरूपमा सञ्चालन गर्ने र त्यो हुन नदिए आन्दोलनमा उत्रिने एसोसिएसनले जनाएको छ।

# काबेली सिमेन्ट इन्डस्ट्रिजमा आगलागी

झापा, ३० भदौ (कास): झापाको हल्दीवारी गाउँपालिका-३ मा १५ दिन अघिदेखि सञ्चालनमा आएको काबेली सिमेन्ट इन्डस्ट्रिजमा मंगलबार राती आगलागी भएको छ।

आगलागीबाट सिमेन्ट उद्योगको पावर हाउसमा क्षति पुऱ्याएको उद्योगका सञ्चालक सुमन मैनालीले बताए। आगलागीको कारण खुल्न नसके पनि चट्याङ्ले हुनसक्ने अनुमान गरिएको छ। आगलागीबाट २ करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुसन्धानले देखाएको मैनालीले जनाए। "अहिलेसम्मको अनुसन्धानलाई हेर्दा २ करोड बराबरको क्षति भएको देखिएको छ," मैनालीले भने, "त्योभन्दा कम पनि हुनसक्छ धेरै नि हुन सक्छ।"

आगलागी भएसँगै भद्रपुर र बिर्तामोड नगरपालिकाबाट आएका २ वटा वारुणयन्त्र र स्थानीयको सहयोगले आगो नियन्त्रण गरिएको जनाइएको छ। झापाका युवा व्यवसायीको करिब ६० करोड रुपैयाँको लगानीमा स्थापित उद्योगले १५ दिन अघिदेखि उत्पादन सुरु गरेको थियो। उद्योगले बजारमा उत्पादन ल्याउन सुरु गर्नुपूर्व नै लकडाउन खेप्नु परेको थियो। कोरोना भाइरसको कारण मारमा परेको उद्योगलाई आगलागीले थप क्षति पुऱ्याएको छ। "उद्योग सञ्चालनका लागि कच्चा पदार्थदेखि जनशक्तिको समेत व्यवस्था गरेका थियौं," मैनालीले भने, "चैतदेखि उत्पादन बजारमा ल्याउने लक्ष्य थियो, सबै काम ठप्प भयो।" उद्योगलाई पुनः सञ्चालनमा ल्याउन १५ दिन जति लाग्ने जनाइएको छ। उद्योगको वार्षिक एक लाख ५० हजार मेट्रिक टन ओपीसी र एक लाख मेट्रिक टन पीपीसी सिमेन्ट उत्पादन क्षमता छ।


## सुन्दरहरैंचा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
विराटचौक मोरङको

**सुन्दरहरैंचा नगरपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधी २०७७ को दफा ६ को उपदफा ३ बमोजिम बुढी खोला, गछिया खोला, किस्ती खोला, खदम खोला र लोहोद्रा खोला क्षेत्रको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशन मिति २०७७।०५।३१)

१ नम्वर प्रदेश, मोरङ जिल्ला, सुन्दरहरैंचा नगरपालिका क्षेत्रका माथी उल्लेखित खोलाको खोलाजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनका लागि आईईई प्रतिवेदन तयार गर्न क्वेष्ट कन्ट्रक्सन एण्ड ईन्जिनियरीङ्ग प्राली सुनसरी द्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| प्रस्तावकको नाम र ठेगाना | क्वेष्ट कन्ट्रक्सन एण्ड ईन्जिनियरीङ्ग प्राली सुनसरी |
|---|---|
| प्रस्तावको व्यहोरा | बुढी खोला, गछिया खोला, किस्ती खोला, खदम खोला र लोहोद्रा खोलाको खोलाजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनका लागि आईईई प्रतिवेदन तयार गर्ने। |
| प्रभाव पर्न सक्ने क्षेत्र | मोरङ जिल्ला सुन्दरहरैंचा नगरपालिका वडा नम्वर ४ र ५ भएर बग्ने बुढी खोलाको करीव १७ किमी क्षेत्र अन्तर्गतका किरात चौक, गौशाला, चरीगुवा, लाटिझोडा, खोक्सी, फोक्लैन्ड टापू लगायतका क्षेत्रहरु, मोरङ जिल्ला सुन्दरहरैंचा नगरपालिका वडा नम्वर ३,४,६,७ भएर बग्ने गछिया र खदम खोलाअन्तर्गतका बानचौरी, अटल क्रसर, गछिया, हवेली,,गछिया पूर्वान्चल क्रसर नाका, मोरङ जिल्ला सुन्दरहरैंचा नगरपालिका वडा नम्वर १,१०,११,१२ भएर बग्ने किस्ती खोला, र लोहोद्रा खोलाको कुमार गाउँ नाका भट्टराईनी चौक नाका, हरैंचा नाका, लक्ष्मीपुर नाका लगायतका नाकाहरु। |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सुन्दरहरैंचा नगरपालिकाले १,३,४,५,६,७,११र १२ नम्वर वडा समितिको कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| प्रस्तावकको नाम र ठेगाना | सुन्दरहरैंचा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, विराटचौक मोरङ Email- sundarharaichamun@gmail.com, फोन नम्वर ०२१-५४५८२२ |
|---|---|
| परामर्शदाताको नाम र ठेगाना | क्वेष्ट कन्ट्रक्सन एण्ड ईन्जिनियरीङ्ग प्राली सुनसरी |



## INTEREST RATE
Effective for the Month of Ashwin 2077

| Deposit Products | | | Interest Rate (% p. a.) | Minimum Balance (NPR) |
|---|---|---|---|---|
| Normal Saving | | | 4.75% | 100 |
| Check – In Saving | | | 4.75% | NIL |
| Premium Saving | | | 5.50% | 5,000 |
| Nari Bachat | | | 4.75% | 100 |
| Bal Surakshya Bachat | | | 4.75% | 100 |
| Senior Citizen Saving | | | 4.75% | 1000 |
| Shareholder's Saving | | | 4.75% | 100 |
| Welcome Account | | | 4.75% | 100 |
| Locker Deposit | | | 4.75% | NIL |
| Provident Fund Other | | | 4.75% | 100 |
| Sadharan Bachat | | | 4.50% | NIL |
| Bal Bhawishya Yojana | | | 4.75% | 100 |
| Sahayatra Bachat Khata (Monthly Interest Posting) | | | 5.50% | 25,000 |
| Lumbini Talab Khata | | | 4.75% | NIL |
| FCY Deposit (USD/GBP/Euro) | | | 1.00% | 50 (USD/GBP/Euro) |
| Call Account | | | Up to 2.25% | |
| Recurring Deposit | | | 4.75% | NIL |
| Akshyaya Kosh | | | Negotiable | 10,000 |
| Fixed Deposit (Interest Posting Frequency- Monthly/ Quarterly) | 3 Months | Individual | 7.00 % | 10,000 |
| | 6 Months | Individual | 8.00 % | 10,000 |
| | 1 Year & Upto 2 Years | Individual | 9.00 % | 10,000 |
| | Above 2 Years to Upto 5 Years | Individual | 9.25% | 10,000 |
| | Above 5 Years | Individual | 9.5% | 10,000 |
| | Lumbini Sahayatra Muddhati Khata | Individual | 9.00 % | 100,000 |
| | 1 Year & Above – For Renewal | Institutional | 8.00% | 10,000 |
| | 1 Year & Above – For New | Institutional | 6.75% | 10,000 |

Interest rate (For Credit Products)

| Credit Products | Tenure | Interest Rate (Base Rate + Premium) (% p.a.) |
|---|---|---|
| Agro Plus Loan (TL/OD) | | Base Rate + Up to 4% |
| Auto Loan | Upto 3 Years | Base Rate + Up to 2% |
| | Above 3 Years & upto 5 Years | Base Rate + Up to 3% |
| | Above 5 Years | Base Rate + Up to 4% |
| Hire Purchase Loan | Upto 3 Years | Base Rate + Up to 3% |
| | Above 3 Years & upto 5 Years | Base Rate + Up to 4% |
| | Above 5 Years | Base Rate + Up to 5% |
| Business Plus Loan (OD/DL/TL) | | Base Rate + Up to 4% |
| Comfort Loan | | Base Rate + Up to 5% |
| Education Loan | | Base Rate + Up to 3% |
| Foreign Employment Loan | | Base Rate + Up to 3% |
| Real Estate Loan (OD/DL/TL) | | Base Rate + Up to 5% |
| Home Loan | Upto 5 Years | Base Rate + Up to 2% |
| | Above 5 Years & Upto 10 Years | Base Rate + Up to 3% |
| | Above 10 Years & Upto 15 Years | Base Rate + Up to 4% |
| | Above 15 Years | Base Rate + Up to 5% |
| Margin Lending Loan | | Base Rate + Up to 4% |
| Swarna Karja (Gold Loan) (OD/TL) | | Base Rate + Up to 4% |
| Two Wheeler Loan | | Base Rate + Up to 4% |
| Deprived Sector Loan (OD/TL) | | Base Rate + Up to 5% |
| Deprived Sector (wholesale) (OD/DL/TL) | | As per Management Decision |
| Loan against FDR/NSB/DB | | +2% on Coupon Rate |
| Consortium Loan (OD/BGL/TL) | | As per consortium decision |

* BR= Base Rate as of Ashad End 2077, i.e., 9.92%.
- In case of watch list and other degraded exposure additional 2% premium may be charged.
- For Fixed interest rate loan product, Bank is studying to implement provision as per NRB directives.
- Base rate plus + 2 for deprived sector loan/Agriculture loan upto 15 Lakhs as per NRB Directives
- Penal Interest: 2%

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, चौथो तल्ला
सनराईज बिज पार्क, डिल्लीबजार, काठमाडौं
फोन नं. ०१-४४१३२३४/४४१३२३२



## INTEREST RATES

**Interest Rate on HBL Deposit Products effective from 17th September 2020 (Ashwin 01, 2077).**

| Savings Deposit | % Per Annum | Minimum Balance |
|---|---|---|
| LCY Savings - Normal | 2.00 | Rs. 2,500/- Inside Valley; Rs. 1,000/- Outside Valley |
| LCY Savings - Himal | 3.00 | Zero |
| LCY Savings - Bishesh | 3.50 | Rs. 2,000/- |
| Premium Savings Account | 3.50 | Rs. 50,000/- |
| Super Premium Savings Account | 3.75 | Rs. 100,000/- |
| Shareholder's Savings | 3.25 | Rs. 500/- |
| Himal Remit Savings | 3.50 | Zero without Cheque, Rs. 1,000/- with Cheque Book |
| Family Savings | 3.50 | Rs. 10,000/- |
| Mero Pahilo Bachat Khata | 3.00 | Zero |
| Special Payroll Account | 3.50 | Zero |
| HBL Nari Bachat | 3.50 | Rs. 1,000/- |
| Subidha Savings Account | 4.00 | Rs. 1,000,000/- |
| Exclusive Privilege Savings Account | 4.00 | Rs. 500,000/- |
| Jeevan Surakchya Bachat | 3.00 | Rs. 7,000/- |
| **Foreign Currency (Savings)** | **% Per Annum** | **Minimum Balance** |
| US Dollars | 0.75 | $100 |
| GBP | 0.25 | £100 |
| EURO | 0.25 | €100 |
| **Call Deposit** | **% Per Annum** | **Minimum Balance** |
| Current Call Account | Up to 1.00 | As per Negotiation |
| Non-Profit Organization Current Call A/C | Up to 1.00 | As per Current Account |
| **Fixed Deposit** | **% Per Annum** | **Minimum Balance** |
| 3-Year's Recurring Deposit | 7.25 | Rs. 1,000/- |
| Short Term Recurring Deposit 3 month | 4.00 | Rs. 10,000,000/- |
| 100 Days HBL Special FD | 4.00 | Rs. 100,000/- |
| 200 Days HBL Special FD | 5.00 | Rs. 100,000/- |

| Fixed Deposit | Individuals (% Per Annum) | Institutions (% Per Annum) | | Minimum Balance |
|---|---|---|---|---|
| | | New | Renewal | |
| 3 Months | 4.00 | 3.00 | 3.00 | Rs. 10,000/- |
